**डेंगीबाट बचौं**
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरू आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
- यस्ता लक्षणहरू देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

kirloskar
Oil Engines


अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ असोज ८ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 September 24 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३७

## पर्सामा महिलाभन्दा पुरुष मतदाता बढी, तेस्रोलिङ्गी १६ जना मात्र

नितेश कर्ण, वीरगंज, ७ असोज/

पर्सा जिल्लाका चारवटा निर्वाचन क्षेत्रमा १६ जना तेस्रो लिङ्गीसहित तीन लाख ४५ हजार ९२८ जना मतदाता रहेका छन् । जिल्ला निर्वाचन कार्यालय, पर्साले जनाए अनुसार पर्साको निर्वाचन क्षेत्र नं १ मा पुरुष ४४ हजार ९९, महिला ३३ हजार ५७८ र तेस्रोलिङ्गी दुईजना गरी ७७ हजार ८७९ जना मतदाता रहेका छन् । यो क्षेत्रमा ३४ वटा मतदान स्थल र ८८ वटा मतदान केन्द्र छन् ।

यसैगरी, पर्सा क्षेत्र नं २ मा पुरुष ४९ हजार ७५, महिला ३७ हजार ८८७ र तेस्रोलिङ्गी चारजना गरी ८६ हजार ९६६ मतदाता छन् । यो क्षेत्रमा ३८ वटा मतदान स्थल र १०३ वटा मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालय, पर्साले जनाएको छ ।

यसैगरी, पर्सा क्षेत्र नं ३ मा पुरुष ५१ हजार ३६६, महिला ३९ हजार ६२ र तेस्रोलिङ्गी चारजना गरी ९० हजार ४३२ मतदाता छन् भने यो निर्वाचन क्षेत्रमा ४७ वटा मतदान स्थल र १०९ वटा मतदान केन्द्र छन् ।


जिल्ला निर्वाचन कार्यालय, वीरगंज ।

पर्सा क्षेत्र नं ४ मा पुरुष ५० हजार ३६४, महिला ४० हजार ४८१ र तेस्रोलिङ्गी छजना गरी ९० हजार ८५१ जना मतदाता रहेको र ४८ वटा मतदान स्थल र ११२ वटा मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालयले जानकारी गराएको छ । पर्सा जिल्लामा सबैभन्दा बढी मतदाता क्षेत्र नं ४ मा ९० हजार ८५१ जना रहेका छन् ।

यसैगरी, आठवटा क्षेत्र रहेको प्रदेशसभामा पर्सा क्षेत्र नं १ को (क)मा पुरुष २२ हजार ५६१, महिला १६ हजार ४५५ गरी ३९ हजार १६ मतदाता छन् भने २२ वटा मतदान स्थल र ४५ वटा मतदान केन्द्र छन् । क्षेत्र नं १ (ख)मा पुरुष २१ हजार ५३८, महिला १७ हजार १२३, तेस्रोलिङ्गी दुईजना गरी कुल ३८ हजार ६६३ मतदाता छन् भने १२ वटा मतदान स्थल र ४३ वटा मतदान केन्द्र छन् ।

पर्सा क्षेत्र नं २ (क)मा पुरुष २४ हजार ६३१, महिला १९ हजार २११, तेस्रोलिङ्गी दुईजना गरी कुल ४३ हजार ८४४ मतदाता रहेको र २१ वटा मतदान स्थल तथा ५२ वटा मतदान केन्द्र छन् । क्षेत्र नं २ (ख)मा पुरुष २४ हजार ४४४, महिला १८ हजार ६७६, तेस्रोलिङ्गी दुईजना गरी ४३ हजार १२२ मतदाता रहेको र १७ वटा मतदान स्थल र ५१ वटा मतदान केन्द्र छन् ।

पर्सा क्षेत्र नं ३ (क)मा पुरुष २४ हजार ९३०, महिला १९ हजार ४६२, तेस्रोलिङ्गी एकजना गरी ४४ हजार ३९३ मतदाता छन् भने २२ वटा मतदान स्थल र ५१ वटा मतदान केन्द्र छन् । क्षेत्र नं ३ (ख)मा पुरुष २६ हजार ४३६, महिला १९ हजार ६००, तेस्रोलिङ्गी तीनजना गरी ४६ हजार ३९ मतदाता, २५ वटा मतदान स्थल र ५८ वटा मतदान केन्द्र छन् ।

पर्सा क्षेत्र नं ४ (क)मा पुरुष २३ हजार ९०२, महिला २० हजार २७२ र तेस्रोलिङ्गी तीनजना गरी ४४ हजार १७७ जना मतदाता, २५ वटा मतदानस्थल र ५५ वटा मतदान केन्द्र छन् । क्षेत्र नं ४ (ख)मा पुरुष २६ हजार ४६२, महिला २० हजार २०९, तेस्रोलिङ्गी तीनजना गरी ४६ हजार ६७४ मतदाता, २३ वटा मतदानस्थल र ५७ वटा मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालय, पर्साले जनाएको छ ।

जिल्ला निर्वाचन कार्यालय, पर्साले चारवटा सङ्घीय निर्वाचन क्षेत्र, आठवटा प्रदेशसभा क्षेत्र रहेको पर्सा जिल्लामा पुरुष एक लाख ९४ हजार ९०४, महिला एक लाख ५१ हजार ८ र तेस्रोलिङ्गी १६ जना गरी तीन लाख ४५ हजार ९२८ मतदाता रहेको र कुल मतदान स्थल १६७ र मतदान केन्द्र ४१२ वटा रहेको जानकारी गराएको छ ।

## सिम्रौनगढमा १६ जनामा डेंगु

रामेश्वर मेहता, सिम्रौनगढ, ७ असोज/

सिम्रौनगढ नगरपालिकामा पनि डेङ्गु ज्वरो, कसैकसैलाई टाइफाइड तथा डेङ्गु रोगका लक्षण देखिएको चिकित्सकले


सिम्रौनगढ अस्पतालमा उपचार गराउँदै बिरामीहरू । तस्वीर: प्रतीक

रोगको प्रकोप देखिएको छ । अमृतगंज, खजानी, हरिहरपुर, ठूलो इटवाल, अमरपुर, खजानी, कमलपुर, ननसगरा ढाट, सतुवाही, देवापुरटेटा, भगवानपुर, कचोर्वा, पर्सा, गङ्गानगरलगायत स्थानमा डेङ्गुको प्रकोप फैलिएको चिकित्सकहरूले बताएका छन् ।

यहाँका बिरामीहरूमा साधारण बताएका छन् ।

सिम्रौनगढ नगर अस्पतालमा ज्वरोका बिरामीहरू १६ जनामा डेङ्गु देखिएको अस्पतालले जनाएको छ । डेङ्गु भएका १६ जनामध्ये चारजना उपचारपछि घर फर्केको र १२ जना अस्पतालमा भर्ना रहेको अस्पतालका प्रमुख डा जीतेन्द्र यादवले बताए ।

## पौडेल हत्या प्रकरण: सातजना धरौटीमा छुटे, पाँचजना जेलमैं

प्रस, वीरगंज, ७ असोज/



तस्वीर: फाइल

जीतपुरसिमरा उपमहानगरपालिका–६ मा गत स्थानीय चुनावको दिन राकेशभक्त पौडेलको हत्या भएको सम्बन्धमा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले जिल्ला अदालत बाराको आदेश उल्टाएको छ ।

असोज ६ गते उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजका न्यायाधीशद्वय सारङ्गा सुवेदी र सीताराम मण्डलको संयुक्त इजलासले घटनाका १३ जना आरोपीमध्ये एकजना नाबालिकालाई साधारण तारेखमा रिहा तथा सातजनालाई रु तीन लाख धरौटीमा रिहा गर्ने र बाँकी पाँचजनालाई बारा जिल्ला अदालतको आदेश सदर गर्दै पुर्पक्षको लागि थुनामा राख्ने आदेश गरेको छ ।

पौडेलको गत वैशाख २९ गते हत्या भएको घटनामा निजका पिता चिरञ्जीवीभक्त पौडेलले दिएको कर्तव्य ज्यान मुद्दामा १४ जना अभियुक्तमध्ये बारा जिल्ला अदालतले एकजना नाबालकलाई रिहा गरेको थियो भने एकजना नाबालिकालाई बाल सुधारगृहमा पुर्पक्षको लागि र बाँकी १२ जनालाई कारागार चलान गर्ने आदेश गरेको थियो ।

सो आदेशको विरुद्ध अभियुक्तहरूले १७ नम्बर बमोजिम उच्च अदालत वीरगंज इजलासमा रिट दायर गरेका थिए । सोको सुनवाइ असोज ६ गते भएको र त्यसमा बारा जिल्ला अदालतबाट भएको निर्णय उल्टाइएको हो ।

उच्च अदालतको निर्णय अनुसार घटनाका अभियुक्तमध्ये उद्धव अधिकारी, राजु अधिकारी, सुदीप घिमिरे, खगेन्द्र रिजाल, बलराम चिमोरिया, सन्तोष खत्री, सन्ते बछारसँग तीन/तीन लाख रुपैयाँ धरौटी लिएर तारिखमा छाडिएको छ भने चित्रबहादुर केसी, दुर्गा क्षत्री, कुमार मगर, सन्दीप लामा, सुमन लामालाई बारा जिल्ला अदालतकै निर्णय सदर गर्दै पुर्पक्षको लागि जेल आदेश भएको छ ।

उच्च अदालतको आदेशपछि एकजना नाबालिका साधारण तारिखमा र सातजना धरौटी बुझाएर वीरगंज कारागारबाट मुक्त भएका छन् ।

## जरिवाना तोकेपछि गरीब उम्मेदवार समस्यामा

प्रमोद यादव, पंचगावाँ, ७ असोज/

स्थानीय तह निर्वाचनमा खर्च विवरण

निस्स्वार्थ समाजसेवा गर्न दलित कोटाबाट चुनाव लडेको बताए । चुनावमा खासै

राम चमारलाई निर्वाचन कार्यालयले एक लाख ५० हजार जरिवाना तोकेको छ ।


पटेर्वासुगौली गाउँपालिका–४ निवासी प्रेमशिलादेवीराम चमार र लालबाबूराम चमार । तस्वीर: प्रतीक

नबुझाएपछि निर्वाचन कार्यालय, पर्साले केही दलका उम्मेदवारहरूलाई जरिवाना तोकेपछि उनीहरू समस्यामा परेका छन् । पार्टी तथा दलित कोटामा उम्मेदवारी दिएका केही गरीब उम्मेदवार जरिवाना तिर्न नसक्दा समस्यामा परेका हुन् ।

पटेर्वासुगौली गाउँपालिका–४ निवासी नेपाल सुशासन पार्टीबाट मकै छाप चुनाव चिह्न लिएर गापा अध्यक्षमा उम्मेदवारी दिएका लालबाबूराम चमार जरिवाना तिर्न नसक्ने भएपछि चिन्तित भएका हुन् । उनले पार्टीको मुख्य सिद्धान्त अनुसार

खर्च नभएको, तर निर्वाचन कार्यालयले जरिवाना तोकेपछि चिन्तित भएको बताए ।

आफूसँग खेतबारी नभएको र अरूको खेतमा काम गरी जीवननिर्वाह गरिरहेको अवस्थामा निर्वाचन कार्यालयले ३ लाख ५ हजार जरिवाना गरेपछि इन्तु न चिन्तु भएको बताए । उनले जरिवाना माफी गर्नुपर्ने प्रतिक्रिया दिए ।

यसैगरी पटेर्वासुगौली गाउँपालिका–४ वडासदस्य पदको लागि एमालेबाट दलित कोटाका उम्मेदवार प्रेमशिलादेवी

उनले ऐलानी जग्गामा घर रहेको र बिहान–बेलुका अरूको खेतबारीमा काम गरी जीवन निर्वाह गरिरहेको अवस्थामा निर्वाचन कार्यालयले डेढ लाख जरिवाना गरेपछि समस्यामा परेको बताइन् । उनले यो जरिवाना रकम पार्टीले नै तिर्नुपर्ने बताइन् ।

यता निर्वाचन कार्यालय, पर्साले निर्वाचनसम्बन्धी कानून तथा आचारसंहिता बमोजिम निर्वाचन खर्च समयमा नबुझाउनेलाई कारबाईस्वरूप जरिवाना गरिएको जनाएको छ ।

## पिङ्कीको हत्या नियोजित भएको परिवारजनको आरोप

प्रस, वीरगंज, ७ असोज/

पत्नीको हत्या गरेको आरोपमा नेपाल एसबिआई बैंक, श्रीपुर शाखाका प्रबन्धक कलैया उपमहानगरपालिका–१ निवासी ३६ वर्षीय दीपेन्द्र जैसवारलाई बारा प्रहरीले पक्राउ गरेको छ ।

जैसवारमाथि पत्नी पिङ्की कुर्मीलाई कुटपिट गरेर हत्या गरेको आरोप छ । पिङ्की पतिको कुटपिटबाट घाइते भएकी र उनको उपचारको क्रममा काठमाडौंको मेडिसिटी अस्पताललमा मृत्यु भएपछि जैसवारलाई पक्राउ गरिएको हो ।

मृतक पिङ्कीका परिवारजनले शुक्रवार नेपाल पत्रकार महासङ्घ, पर्सामा पत्रकार सम्मेलन गरी पिङ्कीका पति पक्राउ परे पनि सो घटनामा संलग्न अन्य मानिसहरू भने पक्राउ नपरेको भनी दु:खेसो व्यक्त गरेका थिए ।

पत्रकार सम्मेलनमा जैसवारका पिता, आमा, काका फरार रहेका र


घटनाबारे पत्रकार सम्मेलनमा जानकारी दिंदै । तस्वीर: प्रतीक

उनीहरूलाई प्रहरीले पक्राउ गर्न नसकेको जानकारी गराइएको थियो । भदौ १८ गते जैसवारले पत्नी पिङ्कीलाई कुटपिट गरेको र सो कुटपिटमा जैसवारका पिता, आमा र काकासमेतको संलग्नता रहेको जिल्ला प्रहरी कार्यालय, बारामा दिइएको उजूरीमा उल्लेख छ । पिङ्कीको मृत्यु यही

(बाँकी अन्तिम पातामा)

## 'कर्तव्य निर्वाह गर्न पनि एकजुट हुन आवश्यक'

प्रस, वीरगंज, ७ असोज/

नेपाल टेलिकम वर्क्स युनियन, प्रादेशिक कार्यालय, वीरगंजको ११औं

सभापतित्वमा शुरू भएको अधिवेशनको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि नेपाली काङ्ग्रेस पर्साका सभापति जनार्दन

इमानदारिता देखाएनन् भने सो संस्था धराशयी हुने बताए ।

उनले अधिकार लिनलाई एकजुट



तस्वीर: प्रतीक

प्रादेशिक अधिवेशन शुक्रवार वीरगंजमा शुरू भएको छ । वीरगंजको राणीसती धर्मशालामा आयोजित अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ ।

प्रादेशिक अध्यक्ष पुरन साहको

सिंह क्षत्रीले विगतको तुलनामा अहिले नेपाल टेलिकमको गुणस्तरीयतामाथि प्रश्नचिह्न खडा भएको बताए । कुनै पनि संस्थाको बलियो खम्बाको रूपमा रहेका कर्मचारीहरूले काममा

भए जस्तै संस्थाप्रतिको कर्तव्य निर्वाह गर्न पनि एकजुट हुन जरुरी भएको बताए । संस्था रहे कर्मचारीले जहिले पनि अधिकार पाउने भएकोले इमानदारीसाथ

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**हिजो धनी थियौ, सबै टाँसिन आउँथे । आज गरीब छौ, सबै तिम्रो छायाबाट पनि तर्किन खोज्छन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# ठोरीमा पानीको विवाद

**ठोरीमा नेपाल–भारत सीमावर्ती बासिन्दाबीच विगतदेखि वर्तमानसम्म जतिसुकै र जुनसुकै बहानामा विवादहरू भएपनि त्यसको चुरो भनेको पानी नै हो। ठोरी खोला सिंचाइ बाँधस्थलबाट भारततर्फ दुईवटा र नेपालको रामनगरतर्फ एउटा सिंचाइ कुलो गएको छ। यसरी कुलो बाँडफाँड गरेको भूमि नेपालभित्र पर्छ। वर्तमान दशगजाभन्दा करीब तीन सय मिटर नेपालभित्र नेपाली भूमिका रहेको उक्त स्थल भारतको हो भन्ने विगतमा भारतीय पक्षको दाबी थियो । उक्त भूमि नेपालकै हो भन्ने नेपाली पक्षको अडान। सिंचाइको समय आएपछि दुवैतर्फका किसानहरू सिंचाइ कुलोको बाँधस्थलमा भेला हुने र आआफ्नो दाबी, तर्क पेश गर्दै झडपसमेत हुने गर्थ्यो। लामो विवादपछि त्यहाँ सीमा स्तम्भ राखियो। बाँधस्थल नेपालतर्फ नै रह्यो। वीरगंज–ठोरी हुलाकी सडक बन्ने क्रममा नेपाल साथै भारततर्फ गएका तीनवटै सिंचाइ कुलो पार गरेर सडक लानुपर्ने भयो। कुलो सबै पुरेर सडक लानुपर्छ भन्ने नेपाली किसानहरूले माग राखे भने कुलोमा ह्युमपाइप राखेर वा कल्भर्ट बनाएर मात्रै सडक छिचोल्नुपर्छ भन्ने भारतीय किसानहरूको माग रह्यो । यसैमा लफडा भएपछि पुल बन्न सकेन ।**

**पालिकामा नयाँ पदाधिकारीहरू आएपछि दुवै तर्फकालाई आंशिक माग छोड्न लगाउने गरी सहमतिमा ल्याउने प्रयास गरियो । भारततर्फ दुईवटा कुलोको ठाउँमा एउटा कुलो पुरेर अर्को कुलोमा ह्युमपाइप राखी सिंचाइ पानी छोड्ने, यदि भारतीय पक्षलाई थप पानी लान परे वर्तमान बाँध क्षेत्रबाहेक, ठुटेखोलामा पुल बनेको क्षेत्रबाट अर्को बाँध बनाएर सिंचाइ पानी लान पाउनेगरी दुवैतर्फका प्रतिनिधिबीच अलिखित भद्र सहमति भयो । सो सहमति अनुसार अवरुद्ध हुलाकी सडकदेखि पुलसम्मको पहुँच मार्ग सञ्चालनमा आयो। हरेक पाइलामा राजनीतिक चश्मा लगाएर हेर्ने र सोही अनुसार विश्लेषण गर्ने हाम्रो संस्कार छ। ठोरीमा पनि त्यही भयो। पालिकाका पदाधिकारीहरूमाथि पानी बेचेर खायो भन्ने आरोप लाग्यो । निवर्तमान वडाअध्यक्षको संयोजकत्वमा सङ्घर्ष समिति गठन भएको छ । नेपालबाट कुनै पनि हालतमा भारततर्फ पानी जान नदिने, पानी चाहिने नै हो भने खोलामा बगेर गएको पानी भारतीय क्षेत्रमा पुगेपछि सिंचाइ बाँध बनाएर लैजाओस् भन्ने सङ्घर्ष समितिको भनाइ छ। समितिको अडानका कारण हाल बाढीले बाँध बगाउँदा पनि भारतीय किसानले नेपाल प्रवेश गरेर बाँध मरम्मत गर्न पाएका छैनन्।**

**पानी अभाव होइन । नेपालतर्फ वर्तमान कुलो संरचना अनुसार हाल उपभोग गरिरहेको २० प्रतिशतभन्दा बढी पानी ल्याउन गाह्रो छ। कुलो सुधार गर्ने र ठुटे मुहानको पानी पचास प्रतिशत मात्रै ल्याउने हो भने पनि नेपालतर्फको रामनगरदेखि बुद्धनगरसम्मलाई पर्याप्त हुन्छ । विगतमा सीमावर्ती ठूलो भूभागका भारतीय किसानहरू ठुटे मुहानकै बाँधमा आश्रित थिए। भारतीय क्षेत्रमा पुगेपछि नदी गहिरिएको कारण अल्पकालीन बजेटले सिंचाइ बाँध बनाउन उनीहरू सक्दैनन् । एक दिन यो समस्या आउँछ भन्ने थाहा पाएका भारतीयहरूले सिंचाइ बोरिङ जडान गर्ने कार्यलाई तीव्रता दिएका छन्। भारततर्फ विकल्प खडा हुँदै जाँदा र नेपालतर्फ भौतिक पूर्वाधारहरू निर्माण हुँदै गएपछि यहाँ सिंचाइ पानीको विवाद नरहला । तबसम्मका लागि दुवैतर्फकाले आपसी समझदारी, सहमतिका साथ भाइचारा र आत्मीय सम्बन्ध [redacted] गर्नु उत्तम विकल्प देखिन्छ । [redacted] माथि उठ्न सक्नुपर्छ ।**

# नागरिकता विधेयक प्रमाणीकरण विवाद–भोटको राजनीति

स्वतन्त्र विचार


बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**नेपाल–भारतको सामाजिक सम्बन्ध निकै पुरानो हो । पहिलेदेखि नै भारतीय बुहारी नेपाल आउँदा वैवाहिक नागरिकता सहजरूपमा (भारतीय नागरिकता परित्याग गरेको) प्राप्त गर्दै आएकोमा अब सात वर्ष कुर्नुपर्ने तर्क अगाडि सारेर बातको बतङ्गड बनाउनु ठीक होइन ।**

राजतन्त्र होस् वा राणातन्त्र, पञ्चायत होस् वा राजासहितको बहुदलीय प्रजातन्त्र अथवा वर्तमानको सङ्घीय लोकतान्त्रिक गणतन्त्र; प्रत्येक कालखण्डमा सत्तासीनहरूले आफ्नो स्वार्थपूर्ति गर्नको लागि मात्रै राजनीतिक पद तथा सत्ता प्रयोग गर्दै आएको कुरा घामजत्तिकै छर्लङ्ग छ । भन्नको लागि शासकहरूले देश, जनताको विकास, समृद्धि तथा प्रजातन्त्र लोकतन्त्रकै पक्षमा रहेको बताउँदै आए पनि वास्तवमा आजसम्म कुनै पनि सरकार जनपक्षीय हुन सकेको छैन । प्रत्येक सरकारले भ्रष्टाचारलाई संस्थागत गर्दै आएको छ। यही भ्रष्टाचार गर्ने अवसरबाट वञ्चित हुनुपर्दा अनेक तिकडम गरेर आजसम्मको प्रत्येक सरकार खसालिएको छ । व्यक्तिगत स्वार्थपूर्ति नै त्यो एकमात्र कारण हो जसले गर्दा आजसम्म नेपालमा कुनै पनि सरकारले पाँच वर्षे कार्यकाल बिताउन पाएन ।

यतिबेला मधेसमा फेरि टायर बल्न थालेको छ । लागिरहेको छ अब फेरि आन्दोलन चर्किन्छ। समुदायमा खासखुस शुरू भइसकेको छ। तर चिन्ता नगर्नूस्, अहिले कम्तीमा मङ्सिरको चुनावसम्म कुनै आन्दोलन हुनेवाला छैन। सङ्घ र प्रदेशको चुनावमा कसरी जनताको मत आफूतिर आकर्षित गर्ने भन्ने नाटककै एउटा दृश्य हो नागरिकता विधेयक । चुनाव समयमा गर्न खोजेको हो तर प्रमुख प्रतिपक्षी दलको बहकावमा लागेर राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण नगरेपछि के लाग्छ ? हामीलाई पूर्ण बहुमतको साथमा मतदान गरेर अब सरकारमा पठाउनुस् अनि हामी आफू अनुकूल राष्ट्रपति मनोनीत गर्नेछौं र नागरिकता विधेयक पास गर्नेछौं भन्ने मुद्दा उठाएर पाँच दलीय गठबन्धन तपाईं हाम्रो घरदैलोमा छिट्टै आउनेवाला छन्।

त्यसैगरी प्रमुख प्रतिपक्षले नागरिकता विधेयक पास गरेको भए नेपाल फिजी वा सिक्किम हुन्थ्यो, नेपाली लेन्डुप दोर्जेहरूलाई राष्ट्रपतिद्वारा रोक्न सफल भएका छौं । यिनीहरूकै कारण देशमा विकास हुन सकेन । यसपालि हामीलाई दुईतिहाई बहुमत दिनुस् हामी सुखी नेपाली र समृद्ध नेपालको अधूरो नारा सार्थक पार्नेछौं– हो यस्तै भनेर प्रतिपक्षी पार्टी चुनावमा भोट माग्नेवाला छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पहिलो निर्वाचित सरकारको पाँच वर्ष बितिसकेको छ। पाँच वर्ष अगाडि निकै मीठो सपना दलहरूले बाँडेका थिए । जनताले झन्डै दुईतिहाई पुग्नेगरी तथाकथित कम्युनिस्टहरूलाई मतदान पनि गरेका थिए तर त्यो सरकार सत्ता र शक्तिको भागबन्डामा कुरा नमिल्दा बालुवाको महलझैं हेर्दाहेर्दै गर्ल्याम्मगुर्लुम्म ढल्न पुगेको सबैले देखेकै हो। पछिल्लो समय प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर जबराविरुद्ध महाअभियोगको प्रस्ताव संसद्मा दर्ता भएपछि न्यायाधीश जबराले संसदीय समितिमा दिएको बयान सुन्दा स्पष्ट हुन्छ– संसद् भनेको खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो हो।

२००७ सालको राणाविरोधी आन्दोलनपश्चात् दिल्ली दरबारमा सम्झौता नगरिएको भए शायद संविधानसभा निर्वाचन र गणतन्त्र त्यति बेलै आउँथ्यो । २०६२/०६३ को आन्दोलनपछि दिल्ली दरबारमा बाह्र बुँदे सम्झौता नभएको भए शायद जनताले थुप्रै चीज त्यतिबेलै प्राप्त गर्थ्यो। किनभने त्यो बेला जनतासँग आफ्नो छुट्टै जनसेना, जन सरकार तथा जनअदालत थियो । जनाधार भएकै कारण संविधानसभा निर्वाचनमा माओवादी पार्टी पहिलो पार्टी बनेको थियो । तर जतिजति दिल्ली दरबारको रङ्ग दलहरूमाथि चढ्न थाल्यो त्यतित्यति दलहरूबीच आपसी समझदारी कटुतामा रूपान्तरण हुन थाल्यो । सहमतिहरू बिस्तारै एकपछि अर्को तोडिन थाल्यो र अवस्था यहाँसम्म विकसित भयो कि संविधानसभा पहिलोले संविधानसमेत नबनाई मृत्युवरण गर्नुपर्‍यो।

विगत डेढ दशकमा जनताले एउटै कुरा स्पष्ट बुझेको छ कि संसद्मा भएको कुनै पनि पार्टी देश र जनताप्रति जिम्मेवार छैन। यसको ज्वलन्त उदाहरण हो एमसिसी र एसपिपीजस्ता साम्राज्यवादीको बदनियतपूर्ण सैनिक सम्झौतामा देशको सार्वभौमसत्ता दाउमा राखेर पनि दलहरूले पास गर्नु। आसन्न निर्वाचनमा जनतासँग भोट माग्ने यिनीहरूसँग नैतिक अधिकार नै छैन । पहिलो कुरा अहिलेको चुनाव प्रणाली यति महँगो छ कि आम नागरिक त्यसमा उम्मेदवार बन्ने र चुनाव जित्ने लगभग असम्भव छ । अबको चुनाव केवल अपराधी, तस्कर, माफिया, डन आदिले मात्रै जित्ने अवस्था नेताहरूले नै पटकपटक सार्वजनिक सञ्चारमाध्यममा गरिरहेको हामीले सुनेकै हो। वास्तवमा जसलाई अहिलेसम्म नेता भनिँदैछ उनीहरू उहिले दलाल पूँजीवादी व्यवस्थाको संरक्षण, संवर्द्धन गर्न कसम खाएर तिनका खाँटी दलालको रूपमा कार्यरत रहेको जोकोहीले बुझेकै कुरा हो। यस्तो जनताबीच स्वतन्त्र उम्मेदवारको रूपमा निर्वाचित भई देखिएका बालेन साह तथा हर्क साम्पाङ जस्ताहरूबाट पो केही आशा होला कि भन्ने जनतामा एकखालको वैचारिकी बन्नुमा पनि तिनै संसद्वादी दलाल नेताहरूको भ्रष्टाचारमुखी क्रियाकलाप हो । यस किसिमको मनोविज्ञान रहेको अवस्थामा कसरी जनमतलाई आफूप्रति आकर्षित गर्ने भन्दा यो नागरिकता विधेयक प्रमाणीकरणको मुद्दा उचालिएको हो। प्रमाणीकरण गर्नु ठीक कि बेठीक भन्ने सवालमा दुई कित्ता काट गरेर जनताको मत आकर्षित गर्ने यो घिनलाग्दो प्रकरण हो । साँच्चिकै नागरिकता विधेयक के हो त ? आउनुस् यसबारे थोरै चर्चा गरौं :

२०७५ साउन २२ गते केपीशर्मा ओली नेतृत्वको सरकारले प्रतिनिधिसभामा दर्ता गरेको नागरिकता ऐन संशोधन विधेयक शेरबहादुर देउवा नेतृत्वको सरकारले २१ असारमा फिर्ता लिएको थियो । र नयाँ नागरिकता विधेयक दर्ता गरी प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गरी राष्ट्रपतिकहाँ प्रमाणीकरणको लागि पठाइएको थियो । विधेयक रायसहित फिर्ता आएपछि पुनः प्रमाणीकरणको लागि राष्ट्रपतिकहाँ पठाइयो। तर उक्त विधेयक प्रमाणीकरण राष्ट्रपतिबाट दोस्रोचोटी पनि नगर्दा संविधान मिचेको राष्ट्रको पक्षमा अडान लिएको जस्ता तर्कहरू अहिले अगाडि सारिएको छ । वास्तवमा भएको के हो त ?

अन्तरिम संविधान २०६३ ले २०४६ साल चैत मसान्तसम्म नेपालमा जन्म भई नेपालमा स्थायी बसोवास गरेका व्यक्तिलाई जन्मको आधारमा नागरिकता दिने व्यवस्था गर्‍यो । तर २०७२ को नयाँ संविधानले जन्मको आधारमा नागरिकता दिने व्यवस्था खारेज गर्‍यो। तर संविधान जारी हुनु अगाडि जन्मका आधारमा नागरिकता लिएकाहरूको सन्तानलाई सङ्घीय ऐन बमोजिम वंशजको आधारमा नागरिकता दिने व्यवस्था संविधानमैं राखियो। यस्तोमा संविधान जारी भएको सात वर्षसम्म नागरिकतासम्बन्धी कानून संशोधन भएन। फलस्वरूप जन्मका आधारमा नागरिकता लिएका नेपालीका सन्तान करीब पाँच लाखले नागरिकता पाउन सकेका छैनन्। हो, यसलाई नै वर्तमान अवस्थामा फुकाइएको छ। अर्थात् करीब पाँच लाख मतदाता बढ्ने भएपछि यसको राजनीतिक जोड–घटाउले छद्म राष्ट्रियता खडा गरेर अनावश्यकरूपमा नागरिकको भविष्यसँग खेलवाड गर्ने कार्य भइरहेको छ। ती युवाहरू जो अहिले स्नातक उत्तीर्ण भइसकेका छन्, उनीहरूले नागरिकता नपाएर घर व्यवहारको थुप्रै कामबाट वञ्चित हुने अवस्था छ। यस्तोमा भोटको राजनीतिलाई प्राथमिकतामा राखेर अगाडि बढ्नु राम्रो नभएको कुरा सजिलै बुझ्न सकिन्छ अर्थात् नागरिकता विधेयक प्रमाणीकरण गरिनुपर्दछ ।

त्यसैगरी वैवाहिक अङ्गीकृतको जहाँसम्म कुरो छ नेपाल–भारतको सामाजिक सम्बन्ध निकै पुरानो रहँदै आएको छ। पहिलेदेखि नै भारतीय बुहारी नेपाल आउँदा वैवाहिक नागरिकता सहज रूपमा (भारतीय नागरिकता परित्याग गरेको) प्राप्त गर्दै आएकोमा अब सात वर्ष कुर्नुपर्ने तर्क अगाडि सारेर बातको बतङ्गड बनाउनु ठीक होइन। अहिलेसम्म बिहे गरेर पाउँदै आएको वैवाहिक अङ्गीकृत नागरिकताले नेपाललाई राष्ट्रियताको सवालमा के कति नोक्सानी भएको छ ? त्यसले गर्दा नेपालको कुन पक्षमा अहित भएको छ ? यसबारे कुनै छलफल नै नगरी, कुराको लागि कुरा झिकेर खोक्रो राष्ट्रवाद फैलाएर भोटको राजनीति कहिलेसम्म गर्ने ? यदि साँच्चीकै नेपाललाई भारतीय गुलामीबाट मुक्त गर्ने अभिप्राय हो भने असमान सन्धि सम्झौता खारेज गर्न र कुर्सीका लागि दिल्ली दरबार नधाउन नेताहरू तयार छन् ?

# राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको भूमिपूजन

प्रस, वीरगंज, ७ असोज/




भारत सरकारको अनुदान सहयोगमा काभ्रेपलाञ्चोकमा निर्माण हुने राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान परियोजनाको भूमिपूजन कार्यक्रम शुक्रवार सम्पन्न भएको भारतीय राजदूतावासले जनाएको छ। गृहमन्त्री बालकृष्ण खाँण र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले आज संयुक्तरूपमा भूमिपूजन गरेका थिए।

सो परियोजनाको शिलान्यास सन् २०१४ नोभेम्बरमा पूर्वप्रधानमन्त्री सुशील कोइराला र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गरेका थिए। भारत सरकारको नेरु एक हजार करोड अनुदानमा निर्माण हुने सो परियोजना भारत सरकारको सहयोगमा नेपालमा निर्माण भएका ठूला परियोजनामध्ये एक रहेको कार्यक्रममा जानकारी गराइएको थियो।

यस परियोजनाको कुल क्षेत्रफल करीब ८४ एकड रहकोमा क्याम्पस भवनको निर्माण १.१० लाख वर्गमिटर क्षेत्रफलमा हुने तथा स्थानीय वास्तुकला र आधुनिक प्रविधि सम्मिश्रण गरी प्रतिष्ठानका भवनहरू निर्माण गरिने भारतीय राजदूतवासले जनाएको छ।

कार्यक्रममा भारतीय राजदूत श्रीवास्तवले सबैको साथ र सहयोगमा निर्धारित समयमैं निर्माण कार्य सम्पन्न गर्ने विश्वास व्यक्त गरे। उनले नेपाल–भारतबीच घनिष्ठ सम्बन्धको अर्को महत्त्वपूर्ण कोसेढुङ्गाको रूपमा रहेको यस प्रतिष्ठित परियोजनाको सफल कार्यान्वयनका लागि भारत सरकारको पूर्ण सहयोग रहने बताए।

गृहमन्त्री खाँणले यस परियोजनाको निर्माण र द्विपक्षीय सहकार्य तथा विकास साझेदारी अन्तर्गत भइरहेको निरन्तर सहयोगका लागि भारत सरकारलाई धन्यवाद व्यक्त गरे।

# महासङ्घको विज्ञप्तिप्रति चौतारीको आपत्ति

प्रस, वीरगंज, ७ असोज/

प्रेस चौतारी नेपालका महासचिव हीरामान लामाले विज्ञप्ति जारी गर्दै नेपाल पत्रकार महासङ्घको केन्द्रीय कमिटी बैठकपछि जारी प्रेस विज्ञप्तिप्रति चौतारीको ध्यानाकर्षण भएको जनाएका छन्।

विज्ञप्तिमा पत्रकारहरूको साझा संस्था पत्रकार महासङ्घले आफ्नो मूल उद्देश्य नै बिर्सिएर सत्तारूढ गठबन्धनको भ्रातृ सङ्गठनका रूपमा राष्ट्रपतिविरुद्ध वक्तव्यबाजी गरेर गम्भीर गलती गरेको जनाइएको छ।

विज्ञप्तिमा मुलुकभर श्रमजीवी पत्रकार पारिश्रमिक नपाएर पीडित बनिरहेको बेला पत्रकार महासङ्घ श्रमजीवीको पक्षमा कुनै काम गर्न नसकेको आरोप लगाउँदै आफूले गर्नैपर्ने विषयमा मौन रहेको तर सत्ता गठबन्धनको प्रचार संयन्त्र बनेर पत्रकार महासङ्घ राजनीतिक वक्तव्यबाजीमा लागेको जनाइएको छ।

चौतारीको विज्ञप्तिमा महासङ्घको लेटरप्याडकै बदनाम हुने गरी राष्ट्रपतिविरुद्ध विषवमन गर्दै वक्तव्य जारी गर्ने, संविधानको मर्यादाभन्दा बाहिर गएर राष्ट्रपतिविरुद्ध वक्तव्य दिने उपराष्ट्रपति र प्रधानमन्त्रीको आपत्तिजनक कामप्रति केही नबोल्ने तथा निलम्बित प्रधानन्यायाधीशलाई सरकारी निवासमैं नजरबन्द गर्दा पनि नबोल्ने काम आफैंमा खेदजनक भएको उल्लेख छ।

विज्ञप्तिमा महासङ्घले आफ्नो गलत कदम सच्याउन, श्रमजीवी पत्रकारका लागि भरोसायोग्य सङ्गठन बन्न सुझाव दिएको छ । यसो नगरेको खण्डमा पत्रकार महासङ्घले गम्भीर मूल्य चुकाउनुपर्ने चेतावनी दिइएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष ३६ २०७९ असोज ०८ गते शनिवार 2022 September 24 Saturday



## दलित बस्तीमा नउदाएको शिक्षाको सूर्य

गत हप्ता एकजना युवकलाई बोलाएँ। युवकको नाम अनिल मल्ली हो। ऊ डोम समुदायबाट यसपटक कक्षा बाह्र उत्तीर्ण गरेको छ। उसलाई साधारण स्नातक तहमा पढ्नको लागि कसरी सहयोग गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्नुथियो। उसका कुराहरू सुनें र विकल्पबारे छलफल गर्यौं। केही सञ्चारमाध्यममा यसबारे खबर प्रकाशन भएपछि चासो बढ्यो। खासै केही गर्नुपरेन। जिल्लाका क्याम्पसहरूमा स्नातक तह पढ्न चाहेमा सम्पूर्ण खर्च बेहोरिदिने मानिस पनि निस्किए। यस खबरलाई पनि सञ्चारमाध्यमले स्थान दिए। यसलाई सञ्चार माध्यमको कुरा सुनेर अलिकति केही गर्न सकिन्छ कि भन्ने मनमा त आयो। उसको गाउँको मुखियाबाट सोधें-तिनीसितको सम्बन्धबारे


स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com


बुझ्न चाहें। अलिकति पारिवारिक पृष्ठभूमि बुझ्न चाहें। उत्तरमा तिनले कुरा बताएँ। उनी सहमत भएजस्तो लाग्यो।

हुन्छ, चिनजान भएपछि अलिक रुखो व्यवहार पनि मीठै लाग्छ र कहिलेकाहीं त साथीबाट समेत रुखो व्यवहारको अपेक्षा गरिन्छ। कहिलेकाहीं त यस्तो पनि हुन्छ कि जब साथीले सामान्य व्यवहार गर्छ तब बढी सचेत हुनुपर्छ। तर सहयोगमा गरिदिनुहोस् भनेर हक वा अधिकारजस्तो ठानेर म सहयोग माग्न आएँ र तपाईंभन्दा ठूलो छु भन्ने किसिमले प्रस्तुत हुने हो भने मनमा अलिक कस्तो त लागिहाल्छ। तर पनि अझै समय छ, म सकारात्मक भएर सहयोग गरिदिने दाताको खोजीमा छु।

एकजना डोम युवक सरकारी जागिरमा छन् रौतहटमा। अरू कोही सरकारी जागिरमा नभएको बुझिएको छ। यो संयोग नै हो कि अन्य दुईजनाले एक साथ माध्यमिक तह उत्तीर्ण गरेका छन् र स्नातक पढ्ने तथा लोकसेवा आयोगको तयारीको कोचिङ गर्ने सोचाइ दृढतापूर्वक राखेका छन्। ती दुवै युवकले पनि यही स्वीकार गरेका छन् कि जिल्लामा अन्यत्र यति पढेको आफ्नो जातिबारे जानकारी छैन।

साँच्चै डोम समुदायको अवस्था निकै कमजोर छ। शिक्षाको क्षेत्रमा त अझ कमजोर छ, डोम समुदाय। रौतहटको गरुडामा रहेको सरकारी स्कूलमा एकजना डोम कर्मचारी छिन्। ती कर्मचारीका सन्तान विद्यालयमा पढ्न आउँछन् तर पढ्दापढ्दै हराउँछन्। हराउँछन् भन्नुको अर्थ हो शिक्षामा अगाडि बढ्न सक्दैनन्। ती कर्मचारीले कहिल्यै आफ्नो हातले रजिस्टरमा हाजिरी गरेको देखिँदैन। जहिले पनि अरुलाई मेरो हाजिरी गरिदिनु भनेर आग्रह गरेको सुनिन्छ किनभने तिनलाई लेखपढ गर्न आउँदैन। विडम्बना होइन त? ती महिला कर्मचारीको घर पनि विद्यालयकै जग्गामा छ। जो विद्यालयमा वर्षौंदेखि कार्यरत भएर घर विद्यालयसँगै टाँसिएको भए तापनि उही निरक्षर।

(बाँकी पाँचौं पातामा)



तस्वीर: लेखक

सफलता मान्न सकिन्छ।

यस समाचारको केही दिनपछि एकजना अपरिचितले फोन गरे। उनले एकजना पत्रकारको नाम लिदै भेट्न भनेको बताए। मैले समय दिएँ। ठीक समयमा उनको पुन: फोन आयो। फोनमा अलिक कडापन थियो। स्थानको अलिक दोधार परेको रहेछ। जुन ठाउँमा भनेको थिएँ, त्यही नाम मिल्ने अर्को ठाउँमा पुगेर फोन गरेका रहेछन्। मैले ठाउँ देखाएँ फोनमै। केही बेरमा आइपुगे। बनावटी नम्रता देखाए र आउनाको प्रयोजन भने। कुरो उही थियो-"म पनि डोम हुँ र मैले पनि बाह्र कक्षा भर्खर उत्तीर्ण गरेको छु। फलानो सरले भेट्न पठाएका हुन्। सहयोग गरिदिनुपर्यो।" छल्ने काम गरिरहेकोजस्तो अनुभूति भयो। सही कुरा बताउन खोजेकोजस्तो लागेन। अनि म प्रयास गर्छु, स्नातकको कक्षा सञ्चालन हुने बेलासम्म कतै कोही भेटिइहाल्छन् कि? छठभन्दा पहिले स्नातकको कक्षा सञ्चालन हुँदैन, एकपटक छठ लगत्तै सम्पर्क गर्नु।

यति भनेपछि उनको चित्त बुझेको जस्तो लागेन। त्यहींबाट फोन लगाएर ती पत्रकार साथीलाई फोनमा कुरा गर्दै एकैचोटि मेरो कानमा थमाउन खोजे। नथामें साथीको अपमान हुने र थामें यिनको चाहना छ कि म कबोल गरिहालूँ- कति र कसरी सहयोग गर्छु। असमञ्जसमा फोन लिएँ र साथीका कुरा सुन्नुभन्दा पहिले तिनीबारे आफूले बुझेको

## दी अमेरिकन लाइफ (२)

१ नम्बरको देश

अमेरिका नम्बरको देश हो भन्ने यथार्थ धेरैलाई थाहा नभएको हुन सक्छ। अमेरिकामा हरेक कुराको नम्बर हुन्छ। कारको नम्बर, मोटर साइकलको नम्बर, चालक अनुमतिपत्र नम्बर, बीमा पोलिसी नम्बर, भवन वा घरको नम्बर, ढोकामा लगाइएको ताला खुल्ने कोड नम्बर। यी नम्बरहरू त साधारण कुरा भए र यस्तो व्यवस्था प्राय: हरेक देशमा आजभोलि देख्न पाइन्छ। तर अमेरिकामा अन्य विभिन्न कुराको पनि नम्बर हुन्छ। जस्तै-मूल सडक वा राजमार्ग (Highway) को नम्बर, कुनै क्षेत्र (जस्तै जिल्ला) को नम्बर, आदि।

अमेरिकामा राजमार्गहरू प्राय: शहर वा बस्तीभित्र पसेर होइन, तिनको छेउबाट जाने गर्दछन्। त्यसकारण कुनै बस्ती वा शहरभित्र पस्दा राजमार्ग वा मूल सडक छोडेर मात्र कुनै बस्तीमा पस्नुपर्दछ। यसरी राजमार्गबाट निस्केर कुनै बस्तीमा पस्न निकास मार्ग (Exit lane) बनाइएको हुन्छ। त्यसरी, राजमार्ग छाडेर, निकास मार्ग भएर निर्दिष्ट बस्तीमा पस्न सकिन्छ। कुन बस्तीमा पस्ने हो वा यो बस्तीमा पस्न यति नम्बरको निकास (Exit) प्रयोग गर्नुपर्छ भनी हरेक राजमार्गका विभिन्न स्थानमा निकास नम्बर लेखिएको हुन्छ। अर्थात् हिंडिरहनुभएको राजमार्गबाट, यति नम्बरको निकासबाट निस्किनुभयो भने यो शहर वा यो शहरको यो सडक पुगिन्छ भनेर प्रत्येक राजमार्गहरूमा विभिन्न


धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com


निकास नम्बर लेखिएको हुन्छ। यातायात व्यवस्थामा नम्बरको प्रयोग गरेर आवागमन अति सजिलो पारिएको हुन्छ। यो सरलताले गर्दा यात्रीले कसैलाई सोधि राख्नुपर्दैन। आफूसँग भएको नक्शाले नै आवश्यक सम्पूर्ण विवरण उपलब्ध गराउन सक्छ। अहिले त झन् आवागमन अझ सरल पार्न जिपीयस (GPS–Global Positioning Syst´) प्रणाली प्रयोग हुन थालेको छ। यो प्रणाली प्रयोग गर्दा मोटरमा यात्रा गर्दा कुन स्थानबाट हिंडेको हो र कुन स्थान पुग्ने हो, दुवैको भौतिक ठेगान त्यसको व्यवस्थामा हालेपछि त्यो जिपीयसले नै ध्वनि (भनेर) र नक्शाद्वारा निर्देशित गरेर गन्तव्यमा पुऱ्याइदिन्छ।

व्यवहार वा अभिलेखलाई सजिलो पार्न विभिन्न कुरालाई नम्बरबद्ध पारिएको त हुन्छ नै, प्रत्येक व्यक्ति पनि नम्बरबद्ध पारिएको हुन्छ र त्यसलाई सामाजिक सुरक्षा नम्बर (Social Security Number) भन्ने गरिन्छ। कुनै पनि व्यक्तिको सामाजिक सुरक्षा नम्बरद्वारा नै उसका विभिन्न गतिविधिको अभिलेख राख्न सकिन्छ र राख्ने गरिन्छ। यदि कुनै व्यक्तिले कुनै किसिमको अपराध गरेको छ, कुनै सजाय पाएको छ, कुनै समयमा दिवालिया भएको थियो, उसको आर्थिक लेनदेन र ऋणको अवस्था कस्तो छजस्ता कुराहरू त्यस व्यक्तिको सामाजिक सुरक्षा नम्बरद्वारा ज्ञात हुन आउँछ। यसरी सामाजिक सुरक्षा नम्बरद्वारा कुनै व्यक्ति कतिको पत्यारिलो छ भन्ने कुरा उसको पृष्ठभूमिको अध्ययनबाट ज्ञात हुन्छ। र अर्कोतिर सामाजिक सुरक्षा नम्बरले व्यक्तिको पृष्ठभूमि थाहा पाउन सहयोग गर्छ। कतिपय सङ्गठनहरूले व्यक्तिको सामाजिक सुरक्षा नम्बर प्रयोग गरेर त्यस व्यक्तिको पृष्ठभूमि थाहा पाउन सक्छ र सोही आधारमा उक्त व्यक्तिलाई जागीर दिने वा नदिने भन्ने कुराको निर्णय गर्न सक्छ। यसरी हरेक क्षेत्रमा नम्बरको प्रयोगले व्यवहारलाई त सजिलो पारेको छ नै, साथै बेइमानी, जालसाजी, चोरी, नियन्त्रण गर्न पनि ज्यादै सजिलो भएको छ।

## स्मृतिमा बाल्यकालीन दशहरा मेला

'मेला देखे चले के बाटे, भैया? एकले सोधेपछि अर्कोले जवाफ दिन्थे-'लइकनके उत्साह देख के बिना गइले कौनो उपाय नइखे।' यसरी एकले मेला जानेबारे सोधेपछि अर्कोले नगइ नहुने उत्साहपुर्ण विवशता प्रकट गर्दथे। सबै उमेर समूहबीच आआफ्नो तालमेल अनुसार बच्चाहरूलाई मेलापात लिएर जाने योजना बन्थ्यो।

वयस्कजनलाई घर तथा गोठको लिपपोतको व्यस्तता, बाल-मस्तिष्क भने नयाँ लुगा र मेला जाने उमङ्गमा केन्द्रित रहन्थ्यो। बालबालिकाहरू एकआपसमा मेला जाने चर्चा गरेर खुब रमाउँथे। को सँग जाने? कहाँको मेला जाने? आदि संवादले मेला जाने उत्सुकता चरममा हुन्थ्यो।

आजको यस आलेखमा अहिले अभिभावकत्व निर्वाह गरिरहेका केही वृद्धजनसँग भएको बाल्यकालीन स्मृतिको सङ्क्षिप्त अंश प्रस्तुत छ–

**हरिनारायण मिश्र,** वीमनपा–२६ सुगौली बिर्ता




"बितल समयइया दिमागे में बा,
लडकपन के बात का बताईं?
दशहारा मेला के बचकौना उमङ्ग,
दोहरा के जिनगी में ना आइ।"

बितेको समय अहिलेसम्म स्मृतिमा छ। बालपनको कुरा वर्णन गरेर साध्य छैन। दशहरा मेलाको त्यो उमङ्ग र सुगन्ध फर्केर जीवनमा कहिल्यै आउने छैन। त्यो बेलाको बाल्यकाल होस् वा युवाकाल, संस्कार र संस्कृतिको सीमा नाघिदैन थियो। अग्रजजनबाट पाएको संस्कार र ज्ञान जीवनपर्यन्त अनुसरण गरिरहने छु।

असोज महिना शुरू भएसँगै नयाँ वस्त्र र मेला हेर्न जाने खुल्दुली मनमा नउठ्ने कुरै थिएन। उतिबेला टेरलिनको कपडा प्रख्यात थियो। हजुरबुबाले वीरगंजको मुरली महाराजजीको कपडा पसलबाट कपडा खरीद गर्नुहुन्थ्यो। गाउँको मैन मियाँ दर्जीले कपडाको नाप लिइसकेपछि भोक र निद्रा हराउँथ्यो। कपडा नपाउन्जेल घरीघरी दर्जीको पसलमा जान्थें। त्यति मात्र होइन, कपडा पाइसकेपछि लगाउने र मेला जाने हतार उत्तिकै हुन्थ्यो।

सर्वप्रथम माता भवानीको दर्शन र पूजन गरेपछि मेलामा किनमेल गर्थें। गहवामाईको मेला त गइन्थ्यो नै, विन्ध्यासिनीमाईको मेला झन् नगई सुखै थिएन। बिरन्चीबर्वामा कुटुम्बजन भएकाले त्यहाँ पनि भवानीमाईको मेला हेर्न हजुरबुबासँग गएको सम्झना छ। मेलाको लागि एक/दुई रुपियाँ नै पर्याप्त थियो। तामाको पाँच वा दश पैसाको 'रेजकी' (खुद्रा) खल्तीमा हालेपछि छ


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


कि हरायो भन्दै पटकपटक खल्ती छामिन्थ्यो।

जलेबी, खुर्मा, बदाम र गागल बालपनको प्रमुख आकर्षण थियो। मेलामा दुर्गा कवच र हनुमान चालिसा आदि सानो आकारको किताब पाइन्थ्यो। कागजको पानामा छापेको हिन्दी फिल्मी गीतको सङ्ग्रह पनि बिक्री हुन्थ्यो। गीत सङ्गीतमा रुचि हुनेहरूले फिल्मी किताब किन्थे भने मलाई धार्मिक पुस्तक किन्न मन पर्थ्यो र किन्थें।

**महाराज यादव,** वीमनपा–२८ बगही



'बालपन के बात बहुत अनोखा होला। बिसरल बहुत कठिन बा' (बालपनको कुरा अद्वितीय हुन्छ। बिर्सन एकदमै कठिन छ।) बाल्यकालको कलाकृति अहिले पनि सम्झनामा छ। बाल मस्तिष्कमा कुवार (असोज) 'दशहरा'को महीना भनेर अङ्कित थियो। मौसम परिवर्तनले दशैंको माहोल अनुभूत हुन्थ्यो। जस्तै बिहान हल्का चिसोसँगै कुहिरो, दिउँसो कडा घाम, भदैया धानको कटनी र परालको अद्वितीय सुगन्धले दशैंको माहोल अनुभूति हुन्थ्यो।

बाल्यकालमा अन्य कुराभन्दा बढी आकर्षण भनेकै नयाँ लुगा लगाउने र मेला जाने उत्सुकता थियो। सुती वा टेरलिनको सर्ट तथा पाइजामा वा पटापटी कपडाको सुरुवाल नै त्यति बेलाको प्रमुख फैसन थियो।

मेरा गाउँको सबैभन्दा नजीक जगरनाथपुरमा दशमीको दिन मेला लाग्थ्यो। बुबासँग जगरनाथपुरको मेला गएको मलाई सम्झना छ। उमेर बढ्दै जाँदा बारा जिल्लाको बेलहिया प्रस्टोका मेला जान पाइन्थ्यो। त्यहाँ संसारीमाईको मेला नवमीको दिन लाग्थ्यो। पहिलो प्राथमिकता माताको पूजा र त्यसपछि मेला घुमघाम गरिन्थ्यो। मेलामा निकै भीडभाड हुन्थ्यो। त्यति बेलाको प्रमुख मिठाई जलेबी थियो। यसको अलावा बदाम, गागल र बाँसुरी किन्नु अनिवार्य हुन्थ्यो। एक रुपियाँ नै मेलाको लागि पर्याप्त थियो।

त्यतिबेला बगहीदेखि वीरगंज निकै टाढा लाग्थ्यो। किनभने कच्ची सडक र सवारीको समस्या थियो। आज पनि दूरी त्यतिकै छ, तर सवारी र सडकको सुविधाले अहिले बगहीदेखि वीरगंज नजीक प्रतीत हुन्छ। उहिले बगही पञ्चायत पछि गाविस र अहिले वीरगंज महानगरमा गाभिएको छ।

अभिभावकको अनुमतिविना मेलाको कुरा त के, कतै जाने हिम्मत हुँदैन थियो। अभिभावकको अनुमति अनिवार्य थियो। उमेर बढेपछि वीरगंज, गहवामाईको मेला भर्न आएको सम्झना छ। पुरनियाहरूको काँधमा चढेर मेला गएको त्यो क्षण फर्कर आउँदैन।

**गौरीशङ्करप्रसाद कानु,** कालिकामाई गापा–२ भेडिहारी



'बचपन में कुवार (असोज) महीना चढते मन गदगद् हो जाए। गाँव में चर्चा होखे कि आज से कुवार चढ गइल, आज से मेला हेतना दिन बा।' (बाल्यकालमा असोज महिना लाग्दै मन गदगद् हुन्थ्यो। गाउँमा चर्चा चल्थ्यो कि आजदेखि असोज महीना लाग्यो, आजदेखि मेला यति दिन छ।) असोज महीनालाई भोजपुरीमा 'कुवार' भनिन्छ।

असोज महीना लागेपछि व्यस्तता बढ्थ्यो। किनभने वर्षात्मा टुटेफुटेको घर-गोठको मरम्मत सम्भार गर्नु अनिवार्य आवश्यकता थियो। मेरो गाउँको सबैभन्दा नजीक बिरन्चीबर्वामा भवानीमाईको पूजाआजाका साथै भव्य मेला लाग्थ्यो, जुन अहिलेसम्म निरन्तर छ। माता भवानीको दर्शन गरिसकेपछि साँझसम्म मेला घुमघाम गरिन्थ्यो। उहिले भेडिहारी र बिरन्चीबर्वा फरक-फरक पञ्चायत भए पनि अहिले एउटै पालिकामा छ। अहिले भेडिहारी, गदियानी, बिरन्चीबर्वा, हरिहरपुर, मुडली र सेमरालाई समेटेर कालिकामाई गाउँपालिका बनेको छ।

असोज महीना लागेपछि मन प्रफुल्ल हुन्थ्यो। आमासँग हारगुहार गरेपछि मेला खर्च नपाउने कुरै थिएन। आधा वा एक सेर अन्न बेचेपछि मेला जाने पैसा टन्न हुन्थ्यो। आठ आना वा एक रुपियाँमा मन पर्ने सबैथोक खान वा किन्न पर्याप्त हुन्थ्यो। बिरन्चीबर्वामा लगभग तीन/चार दिन मेला लाग्थ्यो। मेरो गाउँदेखि बिरन्चीबर्वाको दूरी झन्डै एक कोस पर्ने हुनाले प्रतिदिन मेला जान्थे। ठेलमठेल भीड हुन्थ्यो। दिउँसो २ बजेदेखि अँध्यारो हुन्जेल भीड कम हुँदैनथ्यो।

खानेकुरा जलेबी र बदाम तथा खेलौनामा तडबडवा, बाँसुरी र 'फुलौना' (बेलुन) नै प्रमुख आकर्षण थियो। यति किनमेल गरिसकेपछि मन प्रसन्न हुन्थ्यो।

लघुकथा:

### वैकल्पिक मार्ग

**- समीर पाखिन**

कम्पाउन्डमा आज पनि बिहानैदेखि मेयरसापको सेवामा हाजिर हुनेहरूको लर्को लागेको थियो। उनलाई स्वतन्त्र भई हिंडडुल गर्न र व्यक्तिगत भेटघाट गर्नसमेत अप्ठेरो हुन थालेको थियो।

झट्ट हेर्दा उही नेता, मन्त्रीहरूको पुरानै शैलीमा आसेपासेहरूको झुन्ड लिएर हिंडेकोजस्तो देखिन थालेपछि मेयरसाप त्यस किसिमको आरोप र भीडभाडबाट बचेर काम गर्ने उपायको खोजीमा लागे।

नभन्दै उनले आफ्नो निवास पछाडिको पर्खाल भत्काएर वैकल्पिक बाटो निर्माण गर्न लगाए। जुन कुरा अति गोप्य ढङ्गले सम्पन्न भयो।

आज पनि विभिन्न अभीष्ट बोकेर बिहानै मेयरसापको निवास अगाडि भेला हुनेहरूको सङ्ख्या उल्लेख्य थियो। तर समय भइसक्दा समेत उनी कार्यालय प्रस्थानका लागि बाहिर ननिस्कँदा सबै सशङ्कित भए। आश्चर्यचकित भए।


यता समय अगाडि निजी बाइकमा मेयरलाई कार्यालय पुगेको देख्ने कर्मचारी र सुरक्षागार्डहरू परस्पर खासखुस गरिरहेका थिए।

त्यस दिन उनले जनहितको सवालमा केही निर्णायक काममसमेत गर्न भ्याए।

# द्रोण पर्व–९४

त्यति बेला सहदेव मृत्युको निकट पुगिसकेका थिए, कर्णले चाहेको भए उनलाइ मार्न सक्थे तर कुन्तीसित गरेको वाचालाई सम्भेर कर्णले सहदेवको वध गरेनन्। सहदेव निन्याउरो मुख लगाए। उनी कर्णको बाणबाट पीडित त छँदै थिए, कर्णको वाग्बाणबाट पनि सहदेव निकै व्यथित थिए। त्यसैले उनलाई जीवनबाट वैराग्यभैं भइसकेको थियो। उनी बडो तीव्रताको साथ गएर पाञ्चाल राजकुमार जनमेजयको रथमाथि बसे।

यसै प्रकार द्रोणको मुकाबिला गर्नको निम्ति राजा विराट पनि आफ्नो सेनाको साथ आउन लागेका थिए, उनलाई बीचमै



रोकेर मद्रराज शल्यले बाणवर्षा गरेर उनलाई आच्छुआच्छु पारिदिए। उनले बडो फुर्तीका साथ राजा विराटमाथि एक सयवटा बाण हाने। यो हेरेर राजा विराटले पनि पहिले नौवटा, फेरि त्रिहत्तरवटा, त्यसपछि एक सयवटा बाण हानेर राजा शल्यलाई घाइते पारिदिए। अनि मद्रराजले राजा विराटको रथको चारवटै घोडालाई मारेर दुईटा बाण हानी सारथि र ध्वजालाई पनि काटिदिए। अनि राजा विराट रथबाट हाम्फालेर धनुष तानी बाणवर्षा गर्न थाले। आफ्ना भाइलाई रथहीन भएको हेरेर शतानीक अर्को रथ लिएर उनको सहायताको लागि आइपुगे। उनलाई आफूतिर आइरहेको हेरेर मद्रराजले अनेकौं बाण हानी शतानीकलाई यमलोक पठाइदिए।

आफ्नो वीर बन्धुलाई मरेको हेरेर महारथि विराट तत्काल नै उनको रथमा बसे तथा क्रोधले आँखा रातो पार्दै यति बाण हाने कि मद्रराजको रथ छोपियो। अनि मद्रराजले राजा विराटको छातीलाई



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

ताकेर बडो भयङ्कर बाण हाने। उनी त्यस आघातलाई सम्हाल्न सकेनन्, मूर्छित भएर रथको बैठकमा गई खसे। यो हेरेर उनको सारथिले उनलाई रणभूमिबाट टाढा लगे। यता शल्यले सैकडौं बाण हानेर राजा विराटको सेनाको संहार गर्न थाले। यस कारण त्यो वाहिनी त्यस रात्रिकालमा भाग्न थाल्यो। सेनालाई रणभूमिबाट भाग्न लागेको हेरेर श्रीकृष्ण र अर्जुन मद्रराज शल्य रहेको ठाउँतिर हिंडे तर राक्षस अलम्बुष त्यहाँ आइपुगेर उनीहरूलाई बाटैमा रोकिदियो। यो हेरेर अर्जुनले चारवटा तीखो बाण हानेर राक्षस अलम्बुषलाई घाइते पारिदिए। यसबाट भयभीत भएर राक्षस अलम्बुष त्यहाँबाट भाग्यो। राक्षस अलम्बुषलाई परास्त भएको हेरेर अर्जुन तत्काल आचार्य द्रोणको छेउमा पुगेर पैदल, घोडचढी, तथा हात्तीसवारमाथि बाण समूहको वृष्टि गर्न थाले। उनको मारबाट कौरवसेना आँधीमा उखेलिएका वृक्षभैं धराशयी हुन थाल्यो। महाराज, अर्जुनले यस प्रकारले संहार गर्न थालेपछि तपाईंको पुत्रको सेनामा भागदौड मच्चियो।

एकातिरबाट नकुलपुत्र शतानीक आफ्नो शराग्निबाट कौरवसेनालाई भष्म गर्दै आइरहेका थिए, उनलाई तपाईंको पुत्र चित्रसेनले रोके। शतानीकले चित्रसेनमाथि पाँचवटा बाण हाने। चित्रसेनले पनि शतानीकमाथि दशवटा बाण हानेर पालो फर्काए। अनि नकुलपुत्रले चित्रसेनको छातीमा अत्यन्त तीक्ष्ण बाण हानेर उनको कवचलाई च्यातिदिए। फेरि अनेकौं तीक्ष्ण बाण हानेर उनको रथको ध्वजा र धनुषलाई काटिदिए। चित्रसेनले हातमा अर्को धनुष उचालेर शतानीकमाथि नौवटा बाण हाने। महाबली शतानीकले पनि उनको चारवटै घोडा र सारथिलाई मारिदिए। फेरि एउटा अर्द्धचन्द्राकार बाण हानेर उनको रत्नमण्डित धनुषलाई पनि काटिदिए। धनुष काटियो, घोडा र सारथि मारिए, यसबाट रथहीन भएका चित्रसेन तत्काल भागेर कृतवर्माको रथमा गई बसे।

सञ्जय भन्छन्– द्रोणाचार्यको मुकाबिला गर्नको लागि राजा द्रुपद आफ्नो सेनाको साथ अगि बढ्दै आइरहेका थिए। त्यति बेला वृषसेन सयकडौं बाणको वर्षा गर्दै उनको सामु आए। यो हेरेर द्रुपदले कर्णनन्दनको भुजा र छातीमा साठीवटा बाण हाने। यसबाट अत्यन्त क्रोधित भएका वृषसेनले रथमाथि बसेका राजा द्रुपदको छातीमा अनेकौं तीक्ष्ण बाण हाने। यस प्रकार दुवैले एकअर्काको शरीरलाई घाइते पारिदिए, दुवैका अङ्गहरूमा अनेकौं बाण रोपिएका देखिन्थे। दुवै रगताम्य थिए। यसैबीचमा राजा द्रुपदले एउटा भल्ल हानेर वृषसेनको धनुषलाई काटिदिए। वृषसेन तत्काल अर्को धनुष हातमा लिएर द्रुपदतिर लक्ष्य गरेर एउटा भल्ल हाने। त्यो भल्ल द्रुपदको छातीलाई छेडेर पृथ्वीभित्र छिर्‍यो र राजा द्रुपद मूर्छित भए। यो हेरेर सारथिले आफ्नो कर्तव्यको विचार गरेर उनलाई तत्कालै त्यहाँबाट टाढा लग्यो। अनि त त्यस भयङ्कर रात्रिमा द्रुपदको सेना रणभूमिबाट भाग्यो। वृषसेनको त्रासको कारणले सोमक क्षत्रिय पनि त्यहाँ टिक्न सकेनन्। प्रतापी वृषसेन सोमकहरूका अनेकौं शूरवीर महारथीहरूलाई परास्त गरी तत्काल राजा युधिष्ठिरको छेउमा पुगे। क्रमश ...

# ध्वनि र सन्तुलन संवाहक कान

कान शरीरको त्यो संवेदनशील अङ्ग हो, जसले सुन्ने र सन्तुलन बनाइराख्ने दुवै काम गर्छ।

**बनावट :** कानको तीन भाग हुन्छ– बाहिरी कान, मध्यकान र भित्री कान।

वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**पुरुषको आवाज २० देखि १५५ हर्ट्ज र महिलाको १६५ देखि २५५ हर्ट्जसम्म हुन्छ। हामी प्रायः १८० मिटर दूरीसम्मको आवाज स्पष्ट सुन्न सक्छौं। बढी होहल्ला, बुढेसकाल, रेडिएशन, किमोथेरापीले अौडिटरी नर्भलाई नष्ट गर्छ, जसले गर्दा आधुनिक हियरिङ एड प्रयोग गर्नुपर्छ।**

**बाहिरी कान:** यसको दुई भाग हुन्छ– औरिकिल वा पाइना र बाहिरी सुन्ने नली। औरिकिल वा पाइना कानको सबैभन्दा बाहिरी हिस्सा हो, जसमा केही रिज वा खाल्टो परेको हुन्छ, जसले आवाजलाई समात्ने काम गर्छ। यसको बीचमा एउटा छिद्र हुन्छ, जसलाई कोन्का भनिन्छ, जुन वास्तवमा सुन्ने नलीको बाहिर खुल्ने मुख हो। कान छालाले ढाकिएको हुन्छ, जसमा थुप्रै सिवेसियस र स्वेदग्रन्थि तथा रौं हुन्छन्। रौंले हावामा भएका धूलकणलाई भित्र नलीमा जानबाट रोक्छ। पाइनाको काम आवाजलाई समातेर भित्र पठाउने र आवाजको दिशा पत्ता लगाउने हो। हात्ती आदि जनावरले आवाजको दिशामा कान चलाउन सक्छन् तर मानिसले सक्दैन किनभने चलाउने मांसपेशी विकसित भएको छैन।

**बाहिरी सुन्ने नली :** आकारमा ५५ मिमी र अलि बाङ्गो हुन्छ। यसको बाहिरी एकतिहाइ भाग कार्टिलेज र बाँकी भाग हाडले बनेको हुन्छ। बाहिरी कार्टिलेजले बनेको भाग छालाले ढाकिएको हुन्छ, जसमा थुप्रै सिवेसियस र स्वेदग्रन्थि हुन्छन्। र दुवैको श्राव मिलेर खैरो रङ्गको पदार्थ, जसलाई वाक्स भनिन्छ, बनाउँछ, जुन बेलाबेला सफा गर्नुपर्छ। यसको अतिरिक्त यहाँ कडा–कडा रौं हुन्छ, जसले बाहिरी धूलकणलाई भित्र जान दिंदैन। भित्री भागमा पनि छाला र माथि अलिकति रौं हुन्छन्, तर यहाँको छालामा केवल सिवेसियस ग्रन्थि मात्र हुन्छ।

**मध्यकान:** यसमा कानका सानासाना हाडसहित एउटा सानो चेम्बर हुन्छ, जसलाई टिम्पेनिक कैभिटी भनिन्छ। यसमा दुईवटा सानासाना मांसपेशी पनि हुन्छन् र सुन्ने नलीको निरन्तरता त हुन्छ नै। टिम्पेनिक कैभिटी अरू केही होइन, कानको माथिको खोपडीमा प्राकृतिकरूपले एउटा भासिएको ठाउँ हो, जसमा कानका हाड फिट भएका हुन्छन्। यो भाग एउटा भिल्लीले ढाकिएको हुन्छ, जसलाई टिम्पेनिक मेम्ब्रेन भनिन्छ र जसले मध्यकानलाई बाहिरी कानबाट छुट्याउँछ। अर्थात् यो भिल्ली बाहिरी र मध्यकानको बीचमा हुन्छ। हेर्दा यो एउटा छाता वा च्याउको आकारको हुन्छ। यसको तीन तह हुन्छ– बाहिरी छालाको, बीचको तन्तु भएको र भित्री सबैभन्दा तलको तह म्युकस हुन्छ। तीनवटा हाडको नाम क्रमशः मैलियस, इनकस र स्टेपिज हो। मैलियस मतलब हथौडी, इनकस मतलब अचानो र स्टेपिजको मतलब रकाब हुन्छ। रकाब घुडसवारले खुट्टा राख्ने संरचनालाई भनिन्छ। मैलियसको एक भाग इनकसको मुखनजीक र अर्को भाग टिम्पेनिक मेम्ब्रेनको बीचमा जोडिएको हुन्छ। यिनको काम कम आवाजको तीव्रता बढाउनु र ठूलो आवाजको तीव्रता घटाउनु हो। स्टेपिज शरीरको सबैभन्दा सानो हाड हो। यो रकाब जस्तै हल्लन्छ, मानौं आवाजरूपी घुडसवारले खुट्टा राखेको छ र यो हल्लिरहेको छ। कानको हाडमा दुईवटा साना मांसपेशी हुन्छन्– टेन्सर टिम्पेनाई र स्टेपिडियस। यिनको काम टिम्पेनिक मेम्ब्रेनलाई त्यसरी नै तानिरहनु हो, जसरी ढोलक वा तबलामा काठ फसाइएको हुन्छ। यस्तो किन हुन्छ ? हामी सबैलाई थाहै छ, तबलाको छाला कसिए मात्र उचित धुन पैदा हुन्छ वा सितारको तार भङ्कृत हुन्छ। ढिला भयो भने आवज पैदा हुँदैन। आवाजको त्यही सिद्धान्त यहाँ पनि लागू हुन्छ। यस अतिरिक्त आवश्यकताभन्दा बढी आवाज पस्यो भने टिम्पेनिक मेम्ब्रेन च्यातिन पनि सक्छ। यसलाई कसरी बचाउने ? यसको लागि यी दुई मांसपेशी ४० वा ८० सेकेन्डको अन्तरालमा एक पछि अर्को यसरी खुम्चिन्छन् कि मैलियसभित्र र स्टेपिज बाहिरतिर यसरी चल्न थाल्छ कि कानको सबै हाड कडा भएर आवाजको तीव्रता घटाइदिन्छन्। यसले गर्दा टिम्पेनिक मेम्ब्रेनको साथै भित्री अङ्गको पनि बचावट हुन्छ।

भित्री कानमा दुई संरचना कोक्लिया र सेमिसर्कुलर कैनाल हुन्छन्। कोक्लियाबाट सुन्ने र सेमिसर्कुलर कैनालबाट सन्तुलन बनाउने काम हुन्छ। सेमिसर्कुलर कैनाललाई भेस्टिब्युलर अपरेटस पनि भनिन्छ। कोक्लिया एउटा घोंगी आकारको संरचना हो, जसको भित्र इन्डोलिम्फ र बाहिर पेरिलिम्फ भन्ने द्रव भरिएको हुन्छ। यी द्रव स्लाइन पानीजस्तो हुन्छ। यो किनभने आवाज हावाभन्दा पानीमा बढी गतिले हिंड्छ। हावामा आवाजको गति ४४३ मिटर प्रतिसेकेन्ड र पानीमा १४५० मिटर प्रतिसेकेन्ड हुन्छ। यसको मध्यभागलाई मोड्युलस भनिन्छ र भित्र कैनाल हुन्छ। यसै कैनालभित्र आर्गन अफ कोर्टाई हुन्छ, जसमा थुप्रै साना प्रोजेक्शन हुन्छन्, जसलाई हेयर सेल्स भनिन्छ। बाहिरी र भित्री दुई प्रकारका हेयर सेल्स हुन्छन्। वास्तवमा यी आवाज समात्ने रिसेप्टर हुन्। बाहिरी हेयर सेल्स १२००० र भित्री हेयर सेल्सको सङ्ख्या ३५०० हुन्छ। बाहिरी हेयर सेल आवाजलाई एमप्लिफाइ गर्छ र भित्री हेयर सेलले विद्युतीय संवेगमा बदलेर कोक्लियर नर्भमा प्रवाहित गरिदिन्छ। कोक्लियर नर्भमा ३०००० हजार नर्भ फाइबर हुन्छन्, जुन आवाजको सन्देश लग्ने प्राइमरी बाटो हो। यो ब्रेनको मेड्युला ओब्लाङ्गाटा, मिडब्रेन र थैलमिक क्षेत्र हुँदै टेम्पोरल लोबको अडिटरी कार्टेक्स नामक सेन्टरमा, जहाँ २०० देखि ३०० न्युरोन हुन्छन्, पुगेर विद्युतीय सिग्नलको इन्टरप्रेटेशन भई हामी आवाज सुन्न सक्ने हुन्छौं। टेम्पोरल कार्टेक्समा पनि सुन्ने क्षेत्रलाई एरिया ४१, एरिया ४२ र वर्निक्स एरिया भनेर छुट्याइएको छ। बार्थोलिमियस युस्टेचियसले कोक्लियाको खोज सन् १५५२ मा गरे। यो १२ गुणा ५ मिमी आकारको हुन्छ।




FIGURE 172-1: Diagram showing the structure of ear

आवाज तीन प्रकारका हुन्छन्–

**इन्फ्रासोनिक:** यो २० हर्ट्जभन्दा सानो हुन्छ, जसलाई हाम्रो कानले सुन्न सक्दैन तर कुकुरले सुन्न सक्छ।

**सोनिक:** आवाजको जुन वेभलाई हाम्रो कानले सुन्न सक्छ, त्यसलाई सोनिक साउन्ड भनिन्छ। यसको वेभको रेन्ज २० देखि २०००० हर्ट्ज हुन्छ अर्थात् हामी यस रेन्जको आवाज मात्र सुन्न सक्छौं।

**अल्ट्रासोनिक:** यस्तो आवाजलाई पनि हामी सुन्न सक्दैनौं किनभने यसको वेभ वा फ्रिक्वेन्सी २० किमी हर्ट्जभन्दा बढी हुन्छ। हामीले नसुने पनि धेरै जनावर यसलाई सुन्न सक्छन्। हात्तीले यस माध्यमबाट र यहाँसम्म कि इन्फ्रासोनिक आवाजबाट २०० मिल टाढा भएको बथानसँग संवाद गर्छ। अल्ट्रासाउन्डको एउटा गुण यो हुन्छ कि जब यो कुनै वस्तुसँग ठोकिन्छ, तब प्रतिध्वनि भई फर्कन्छ। चमेरो वा अन्य जनावरले शत्रुको पहिचान गर्छन्। चमेरो, डल्फिन, भ्यागुताहरूले पनि यसको प्रयोग गर्छन्। कुकुरले ५० किलो हर्ट्जको आवाज, बाँदरले ९१ किलो हर्ट्ज, गाईले १६ देखि ४०००० हर्ट्जको आवाज सुन्न सक्छन्। बिरालोले सुन्न त सक्छ तर संवाद गर्न सक्दैन। यसको गुण चित्र बनाउनु पनि हो, जसको उपयोग गरेर मेडिकल समस्या वा गर्भावस्थामा बच्चाको अवस्था प्रत्यक्ष देखेर पत्ता लगाउन सकिन्छ। यसको अलावा अल्ट्रासाउन्डको प्रयोग पानीको वस्तु वा शत्रुजहाज पत्ता लगाउन पनि गरिन्छ।

यसरी जब आवाज काननजीक आउँछ, तब पाइनाले यसलाई बाहिरी कानमा पठाउँछ। यो आवाज जब टिम्पेनिक मेम्ब्रेनमा पुग्छ, तब उसको पिच वा फ्रिक्वेन्सी अनुसार मेम्ब्रेन थर्थराउँछ। बढी भए कम र कम भए बढी बनाएर कोक्लियाको द्रवमा पुऱ्याइदिन्छ, जहाँ यसको गति अरू तीव्र बन्छ। अनि कोक्लियाको द्रवमा कम्पन पैदा हुन्छ। त्यहाँ भएका हेयर सेल्सले त्यसलाई समात्छन्, जुन आवाजका नर्भ रिसेप्टर हुन्, जसले ध्वनि तरङ्गलाई विद्युतीय तरङ्गमा बदलेर कोक्लियर नर्भमा पुऱ्याउँछ, जुन मेड्युला ओब्लाङ्गाटा, मिडब्रेन र थैल्मिक क्षेत्र टेम्पोरल लोबको एरिया ४१, ४२ र वर्निक्स एरियामा पुगेर प्रोसेसिङ हुन्छ र इन्टरप्रेट भई हामी त्यसलाई सुन्ने गर्छौं। पुरुषको आवाज २० देखि १५५ हर्ट्ज र महिलाको १६५ देखि २५५ हर्ट्जसम्म हुन्छ। हामी प्रायः १८० मिटर दूरीसम्मको आवाज स्पष्ट सुन्न सक्छौं। बढी होहल्ला, बुढेसकाल, रेडिएशन, किमोथेरापीले अौडिटरी नर्भलाई नष्ट गर्छ, जसले गर्दा आधुनिक हियरिङ एड प्रयोग गर्नुपर्छ। तर जन्मजात बहिरोमा हियरिङ एडले काम गर्दैन।

यस प्रणालीको सम्पूर्ण अनुसन्धान गरेबापत जर्ज भोन वेकेसीले सन् १९६१ मा नोबेल पुरस्कार पाए। उनी हङ्गेरीको बुडापेस्टमा ३ जून १८९९ मा पैदा भई अन्ततः अमेरिकाको नागरिक बनी त्यहीं हवाईमा १३ जून १९७२ मा बिते। अस्तु !

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

यस संसारमा हालसम्म धेरै महापुरुषहरू भए। गुरुहरू पनि भए। गन्ने हो भने संसारभरि यिनीहरूको सङ्ख्या पनि धेरै छन् तर कसैको पनि सिद्धान्त र मत एउटै छैन। यतिधेरै महापुरुषमध्ये कुनै दुई महापुरुषको पनि सिद्धान्त एक अर्कोसँग मेल खाँदैन। यी सबै महापुरुष सिद्ध हुन्। यसबाट प्रमाणित हुन्छ कि जुन मानिसले स्वयम् आफ्नो जीवनयात्राको मार्ग आफैं खोजी गर्न सक्छ, त्यही व्यक्ति सफल हुन सक्छ, त्यही व्यक्ति महापुरुष बन्न सक्छ। हामीहरू तिनै महापुरुषको पूजा गर्छौं तर आफ्नो जीवनमार्ग आफैं खोजी गर्ने साहस जुटाउन सक्दैनौं। हामीहरूमा एउटा भ्रम छ कि हालसम्म जति पनि महापुरुष भए उनीहरूलाई भगवान्को विशेष आशीर्वाद थियो, त्यही भएर उनीहरू महापुरुष बन्न सफल भए तर म एउटा साधारण मानिस भएकोले महापुरुष बन्ने सामर्थ्य छैन। खासगरी यही बन्धनले हामीहरूलाई बाँधिराखेको छ। हो उनीहरू विशेष थिए, किनभने उनीहरूले यस बन्धनले आफूलाई बाँधेका थिएनन्। यही कुरा हामी बुझ्न सकिरहेका छैनौं। तपाई पनि आफूलाई यो बन्धनबाट मुक्त गर्नुस्, तब मात्र तपाईंले आफूले खोजेको पाउनुहुनेछ वा जीवनको सत्य देख्न सक्नुहुनेछ। यहाँ तपाईंको नाम चल्नैपर्छ, तपाईका धेरै अनुयायी हुनैपर्छ भन्ने छैन। मुख्य कुरा यो हो कि सत्यलाई अर्काको आँखाले हेर्न बन्द गर्नुपर्छ, आफ्नै आँखाले हेर्नुपर्छ। आफ्नै आँखाले हेर्दा जे देखिन्छ, त्यो आन्तरिक आँखाको देखाइ हुनेछ र तपाईको लागि उपयोगी सिद्ध हुनेछ। अरूले देखाएको बाटोमा हिंडेर केही प्राप्ति हुन सक्दैन किनकि आजसम्म जति पनि महापुरुष भएका छन्, उनीहरूले अरूको नक्कल गरेर ख्याति प्राप्त गरेका होइनन्। उनीहरूले आफ्नो मार्ग आफैं खोजेका हुन्। उनीहरूले अरूको सिद्धान्त मानेनन्, अरूको नक्कल पनि गरेनन् तर विडम्बना हामीहरू अरूको नक्कल गर्नमैं व्यस्त रहन्छौं। यसैमा हाम्रो विश्वास छ। के सही हो, के गलत, हेर्ने र बुझ्ने कोशिश गर्दैनौं। जुन कुरालाई सबैले मानिरहेका छन्, तिनै कुरालाई हामी पनि मान्न थाल्छौं। त्यसैमा हामीहरू आफूलाई सुरक्षित ठान्छौं। हामी हजारौं वर्षदेखि चलिआएको बाटोमा हिंडिरहेका छौं। जब घरमा बच्चा जन्मन्छ, तबदेखि उसलाई यही प्रचलित बाटोमा हिंड्ने शिक्षा दिइन्छ। उसले आफ्नो होश सम्हालेदेखि नै मानिसहरू यही बाटोमा हिंडिरहेको देख्छ। सबैजनाले त्यही कुराकानी गरेको सुन्छ। त्यही भएर उसले आफ्नो बाटो अरूको भन्दा केही फरक हुन सक्थ्यो भन्ने कुरा बिर्सिहाल्छ। सुरक्षित बाटो सम्भेर भीडको पछाडि हिंड्नु जीवनको बाटो बिराउनु हो। यो समस्या हामीहरूले सामूहिकरूपमा झेलिरहेका छौं। हरेक मानिसले आफ्नो बाटो खोज्नु जरुरी छ।

प्रत्येक मानिसमा अलग–अलग गुणहरू हुन्छन्। यसका लागि मानिसमा आफ्नो बाटो आफैं खोज्न म सक्छु भन्ने आत्मविश्वास हुनु जरुरी छ। यस्तै, आत्मविश्वासी मानिसले मात्र आफ्ना गुणहरू चिन्न सक्छन्। अरूसँग माग्नाले केवल दुःख मात्र प्राप्ति हुनेछ। त्यो दुःख तपाईंलाई केही काम लाग्दैन। तपाईंलाई अरूको पछि लाग्न त सजिलो हुन्छ तर त्यो बाटो तपाईंको लागि अनुपयुक्त हुनेछ। तपाईं आफू सधैं दोधारमा भएको महसुस गर्नुहुनेछ। तपाईको अन्तर्मनको ऊर्जा कहीं अन्तै अर्कोतिर जान चाहिरहेको हुनेछ। अर्थात् तपाईंलाई तपाईंको ऊर्जाले अर्कोतिर लैजान चाहिरहेको हुनेछ तर तपाई अर्कैतिर गइरहनुभएको हुनेछ। त्यसैले तपाईंलाई छिनछिनमा आफूले केही गलत गरिरहेको भान परिरहनेछ। तर पनि तपाई अरू सबैजनाले हिंडिरहेको भीडले भरिएको बाटोबाट निस्केर आफ्नो आन्तरिक ऊर्जाले दिशानिर्देश गरेको बाटोमा हिंड्ने हिम्मत गर्न सकिरहनुभएको छैन। यो स्थितिले मानिसलाई धेरै कमजोर बनाइदिएको छ। मानिसहरू भन्छन्– किन किन मलाई आफूमाथि आफैंलाई विश्वास लागिरहेको छैन, मनमा डर जस्तो लागिरहेको छ।

जसले सबैजनालाई एउटै बाटोमा हिंडाउने कुरा गरिरहेका छन्, उनीहरूले यो समाजप्रति गलत गरिरहेका छन्। प्रत्येक मानिसले आफ्नो बाटो आफैं खोजेर हिंड्यो भने मात्र ऊ आफ्नो लक्ष्यमा पुग्न सक्छ। हामीहरू अरूले बनाइदिएको बाटोमा खुरुखुरु हिंड्ने जनावर होइनौं, हामीहरू सुझबुझ भएका मानव हौं भन्ने कुरा हामीहरूले कहिल्यै बिर्सनुहुँदैन। मानिसलाई अरूको सिको गर्न सिकाउनु, अरूको नक्कल गर्न लगाउनु जस्तो गलत काम अरू केही काम हुन सक्दैन। तपाई विश्वास गर्नुस्, तपाई आफैंले खोजेको बाटो यदि अलिकति गलत नै रहेछ भने पनि तपाईंले त्यो मार्गमा बढी विकास गर्न सक्नुहुनेछ। अरूद्वारा दिइएको र अरूबाट लिइएको बाटो जतिसुकै राम्रो भएपनि तपाई आफैंले खोजेको बाटोमा जति विकास गर्न सक्नुहुनेछैन। यहाँनिर कुरा खाली मार्गको छैन कुरा विवेकको छ, सक्रियताको छ।

क्रमशः

# अन्तर्राष्ट्रिय समाचार

## बाढी प्रभावित क्षेत्रमा डेङ्गुको प्रकोपबाट मृत्यु बढ्दै

इस्लामाबाद, ७ असोज/सिन्हवा

बाढीबाट क्षति पुगेको पाकिस्तानमा डेङ्गुको प्रकोप थप बढेको यहाँका अधिकारीहरूले जनाएका छन्। पाकिस्तानका अधिकारीहरूले यहाँका बाढी प्रभावित क्षेत्रहरूमा डेङ्गुको प्रकोप बढेको र यसबाट मृत्यु हुनेहरूको सङ्ख्या पनि प्रतिदिन बढ्दै गएको जनाएका छन्।


अस्पतालमा उपचार गराउँदै डेङ्गुका बिरामीहरू। तस्वीरः सिन्हवा

पाकिस्तानको सिन्ध प्रान्त डेङ्गुबाट बढी प्रभावित देखिएको छ। पछिल्लो समय यस वर्षको मनसुनबाट क्षति भएको सो प्रान्तमा डेङ्गुको ज्वरो बढेको र धेरै मानिस अस्पताल भर्ना भएका बताइएको छ। यस प्रान्तमा मात्र डेङ्गुको प्रकोपबाट कम्तीमा ३० जनाको ज्यान गएको सिन्ध प्रान्तको प्रान्तीय स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन्। ती अधिकारीका अनुसार बितेको २४ घण्टामा ४०२ जनालाई डेङ्गु लागेको छ। यसपछिको प्रभावित क्षेत्र कराँची हो। कराँचीमा गएको २४ घण्टामा २७९ जनामा यो सङ्क्रमण देखिएको छ।

सिन्ध र कराँची यस वर्षको मनसुनी वर्षाबाट सबैभन्दा बढी प्रभावित भएका प्रान्त हुन्। बाढीका कारण बढेको फोहर र अन्य कारणले यहाँ डेङ्गु ज्वरोको प्रकोप बढेको बताइएको छ।

सेप्टेम्बरमा मात्र सिन्धमा ४,३०० भन्दा बढीमा डेङ्गुको सङ्क्रमण भएको थियो। यहाँ अहिलेसम्म छ हजारजना भन्दा बढीमा यो प्रकोप देखिएको सिन्ध प्रान्तको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन्।

पाकिस्तानमा यस वर्षको मनसुनबाट प्रभावित अर्को प्रान्त खैबर पाक्थुन्क्वा हो र यहाँ पनि डेंगुको प्रकोप बढ्दो देखिएको छ। यहाँ पनि यस वर्ष कम्तीमा पाँच हजारजनामा यो सङ्क्रमण देखिएको खैबरको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन्। रासस

**पाकिस्तानमा बाढी पहिरोका कारण थप बीसको मृत्यु**

पाकिस्तानमा बाढी पहिरोका कारण थप २० जनाको मृत्यु भएको छ। पछिल्लो एक दिनमा प्राप्त विवरण अनुसार मृत्यु भएकामध्ये १५ जना बालबालिका र दुईजना महिला छन्।

पाकिस्तान प्रकोप व्यवस्थापन प्राधिकरणले पछिल्लो २४ घण्टामा मृत्यु भएका सत्रैजना सिन्ध प्रान्तका रहेको जनाएको छ। पाकिस्तानमा आएको बाढी पहिरोबाट सबैभन्दा धेरै सिन्ध प्रान्त प्रभावित भएको छ भने अन्य प्रान्तमा पनि असर परेको छ। बढीपछिका घटनामा परी पाकिस्तानमा अरू कैयौं घाइते भएका छन् भने लाखौं विस्थापित भएका छन्। पछिल्लो एक दिनमा मात्रै १,७३३ घरमा क्षति पुगेको छ र २३,३१२ जनावर मरेका छन्।

मध्य जूनदेखि शुरू भएको मनसुनसँगै आएको वर्षाका कारण भएका घटनामा परी अहिलेसम्म १,५९६ जनाको मृत्यु भएको छ। घटनामा परी अहिलेसम्म १२,८६३ जना घाइते भएका र उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको पनि प्राधिकरणले जनाएको छ।

प्राधिकरणका अनुसार जूनदेखि अहिलेसम्म २०,१६,००८ घर क्षतिग्रस्त भएर उपभोग गर्न नमिल्ने अवस्थामा पुगेको छ। घरवारविहीन भएका उनीहरू विस्थापित भएर देशका विभिन्न ठाउँमा अस्थायी शिविरमा बसेका छन्।

उनीहरूलाई आधारभूत सेवा सुविधाको पनि अभाव भएको भन्दै पाकिस्तान सरकारले सहयोगका लागि अनुरोध गरेको छ। कतिपय देश तथा अन्तर्राष्ट्रिय निकायले पाकिस्तानलाई यस अघि नै सहयोग गरिसकेका छन्। कतिपय देश तथा निकाय सहयोग दिने चरणमा रहेको जनाएका छन्। रासस

### लाओसमा पच्चीस हजारभन्दा बढी डेङ्गु सङ्क्रमित

भेन्टियान, ७ असोज/सिन्हवा

लाओसमा गत पुसदेखि देशभर डेङ्गु ज्वरोका कुल २५ हजार ५४६ जना सङ्क्रमित भएका छन्। बितेका २४ घण्टामा डेङ्गु ज्वरोका १६२ थप व्यक्ति सङ्क्रमित भएका स्वास्थ्य मन्त्रालयले जनाएको छ।

यस समयावधिमा १८ जनाको मृत्यु भएको लाओस स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्यको लागि सूचना र शिक्षा केन्द्रले शुक्रवार जनाएको छ। लाओसको राजधानी भेन्टियानमा १२ हजार ८९० जना डेङ्गुका बिरामी भेटिएका छन्। लुआङ नम्था प्रान्तमा तीन हजार ६१४ र अटापेउ प्रान्तमा एक हजार ४५४ जना डेङ्गुका बिरामी फेला परेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – चोरभय | वृष – भयचिन्ता |
| मिथुन – मित्रमिलन | कर्कट – कान्तिक्षय |
| सिंह – सुयश | कन्या – खर्चवृद्धि |
| तुला – धनलाभ | वृश्चिक – सफलता |
| धनु – अलमल | मकर – वादविवाद |
| कुम्भ – व्यापारवृद्धि | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

**दलित.......**

माधवनारायण नगरपालिकाको माइधिया डमारमा एउटा हाइस्कूल छ। हाइस्कूलकै छेउमा दुई घर परिवार बसेको छ। दुवै परिवार डोम जातिको हो। त्यही डोम परिवारका एकजना सदस्य हुन् विद्यालयकी कर्मचारी। विद्यालय नजीक रहे पनि ती परिवारका सात सन्तानमध्ये कोही पनि विद्यालयमा पढ्न जाँदैन। विद्यालयमा काम गर्ने कर्मचारीका सन्तान पनि विद्यालयमा नजाने उदाहरण यसै जातिमा देखियो। कारण सोध्दा अचम्मको कुरो निस्कन्छ।

सात बालबालिकामध्ये कसैसित जन्मदर्ता प्रमाणपत्र छैन। माधवनारायण नगरपालिकाको जुन वडामा यो माइधिया डमार टोल र विद्यालय छ, यस वडामा दोस्रो कार्यकालको लागि निर्वाचित हुने वडाध्यक्ष हुन् रामदेनी मुखिया। डोम परिवारको सधैं आरोप रहेन्छ मुखियाजी कहाँ चार–पाँचपटक पुगिसकें तर जन्मदर्ता बनाइदिँदैनन्।

हाम्रो कुरो सुन्न आसपासमा अन्य मानिस पनि जम्मा भए। सबैले होमा हो मिलाए। मुखिया रामदेनी कहिल्यै वास्ता गर्दैनन्। जन्मदर्ता नगरिदिंदा पढाइबाट वञ्चित भएकै छन्, साथै सरकारले दिने बालपोषण भत्तालगायत अन्य सुविधाबाट पनि वञ्चित छन्। आठ वर्षको उमेरका बालकको जन्मदर्ता नबन्नुले धेरै कुरो सङ्केत गरेको देखियो।

अनि मुखियाजीलाई सम्पर्क गर्ने प्रयास गरियो। मुखियाजीका भाइ जो एक वडामा वडा सचिव छन्, तिनले सुनाएको कहानी भने फरक छ।

त्यो डोम परिवार माधवनारायण नगरपालिकाकै अन्य वडाबाट आएर बसेका हुन्। ती दुई परिवारले बसाइँसराइ गराएका छैनन्। बसाइँसराइ नगराउँदा जन्मदर्ता गराउन कठिन भएको हो। वडामा आउँदा सधैं एउटै सल्लाह दिने गरेको सुनाउँछन्–कि बसाइँसराइ गराउनु पर्‍यो, अथवा त्यहीं वडामा गएर जन्मदर्ता बनाउनुपर्‍यो।

अथवा बुवा र आमाको नागरिकताको प्रमाणपत्र लिएर त्यहीं वडा कार्यालयमा हिंड्नुपर्‍यो र म पनि पुगेर सबैको जन्मदर्ता बनाइदिन तथा अन्य सुविधा दिनको लागि सिफारिश गर्छु। यसका लागि सधैं हुन्छ भन्ने तर जान कहिल्यै नमान्ने। घरमा जन्मदर्ता गराउने टोली पुग्दा पनि बुबाआमाले कुनै कागजपत्र नदिने वडाध्यक्षले सुनेका रहेछन्। यस्तो अवस्थामा केही भन्न सजिलो छैन उनले बताए।

माइधिया डमारमा रहेको विद्यालयका हेड सर राजेश यादवले पनि आफूलाई समस्या राम्ररी थाहा भएको र आफ्नै कर्मचारीका सन्तानलाई विद्यालय भर्ना गर्न नपाएकोमा थकथक लाग्ने गरेको बताउँछन्। जहाँ विद्यालयमा पढाएको सबै कुरा हरेक बालबालिकाले आफ्नै छाप्रोमा बसेर सुनिरहेका हुन्छन्, त्यहीं ती बालबालिका औपचारिकरूपमा पढ्न नआउनु विडम्बनापूर्ण छ। प्रअ यादव भन्छन् – तर पनि नगरपालिकासित समन्वय गरेर पढाइको वातावरण बनाउने प्रयास गर्छु।

डोम समुदायमा अझै अशिक्षा र अज्ञानताको पहुँच विकराल छ। अझै पनि यस समुदायमा शिक्षाको उज्यालो प्रकाश पुग्न सकेको छैन। शिक्षाको उज्यालो ती छाप्राहरूमा पुग्न नसक्दा अनन्त अन्धकार देखिन्छ। त्यस अन्धकारले कति धेरै बेफाइदा गरेको छ भन्ने कुरो पनि बुझ्न नसकेको अवस्था छ।

यस्ता वर्गलाई कम्तीमा शिक्षाको क्षेत्रमा र विस्तृतमा जीवनको हरेक क्षेत्रमा मूलधारमा ल्याउन केही संस्थाहरू कार्यरत छन्। साँच्चै हरेक सरकारले यस वर्गको निम्ति केही गर्नुपर्छ। कतिपय अवस्थाले यो पनि देखिएको छ कि शिक्षाको उज्यालो छर्ने घामलाई केही बाधारूपी तुवाँलोले छेकिरहेको छ। बाधारूपी तुवाँलो हटाउन दृढतापूर्वक सार्थक प्रयासरूपी पारिलो घाम नै चाहिन्छ। यो पारिलो घाम कुनै समय आउला भनेर प्रतीक्षा गर्नुभन्दा सार्थक प्रयास गर्नु राम्रो हुन्छ। सबैतिर अहिले कम्तीमा शिक्षामा ध्यान गएको देखिएको छ तर वास्तवमा सबैतिरबाट दलितहरूमा शिक्षाको सूर्योदय हुन अझै बाँकी छ।

## पर्सागढीको कंसवध मेला समापन

प्रस, पर्सागढी, ७ असोज/

पर्सागढी नगरपालिका वडा नं ४


तस्वीरः प्रतीक

टोलबर्वा टाँडीमा वडाध्यक्ष शेख खुर्शेदको सभापतित्वमा शुक्रवार कंसवध मेला सम्पन्न भएको छ।

विगत लामो समयदेखि लाग्दै आइरहेको कंसवध मेला नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री अजयकुमार चौरसियाको प्रमुख आतिथ्यमा मेला सम्पन्न भएको हो। कोही शासक बलियो तथा ज्ञानी भए तापनि यदि असत्य, घमण्डी, तानाशाह छ भने हार निश्चित छ, त्यस्तै गुण कंसको पनि रहेकाले उनको विनाश भएको केस चौरसियाले बताए। यस्तो कार्यक्रमले समाजमा सकारात्मक सन्देश दिने पनि उनले बताए।


तस्वीरः प्रतीक

नगरप्रमुख गोकर्ण पाठकले यो मेला पर्सागढी नगरपालिकाको धेरै पुरानो मेला भएकोले यो मेला नगरपालिकाको पहिचान र संस्कृति भएको बताए। नगरपालिकाको सांस्कृतिक पहिचान बढाउने यस्ता कार्यको लागि नपाले सहयोग गर्ने नगरप्रमुख पाठकले बताए।

कार्यक्रममा उपप्रमुख पूजा चौधरी निवर्तमान नगरप्रमुख लोकनारायण यादव, वडाध्यक्षद्वय सुकमान तामाङ र रामबडाई, नगर थारू संयोजक जङ्गबहादुर थारू, रेडक्रस बिरुवागुठी उपशाखाका संयोजक शेख जिकुरुल्लाह, जसपाका क्षेत्रीय सदस्य ओसियर मियाँलगायतको सहभागिता थियो।

कार्यक्रममा स्वागत रामप्रसाद पाठकले र सहजीकरण बलिराम शुक्लाले गरेका थिए।

## डेंगु नियन्त्रणबारे प्रशिक्षण

प्रस, सेढवा, ७ असोज/

पर्साको जगरनाथपुर गाउँपालिकामा डेङ्गु रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

डेङ्गु रोगको प्रकोप दिनहुँ बढिरहेको हुँदा सोको नियन्त्रण तथा पूर्वतैयारीका लागि कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा डेङ्गु लाग्ने मुख्य कारण एडिज प्रजातिका लामखुट्टेको टोकाइ भएकोले सो लामखुट्टे नियन्त्रणका लागि घरवरपर पानी जम्न नदिई सफा राख्नुपर्ने, कीटनाशक औषधि छर्नुपर्ने, रोगको लक्षण पहिचान गर्ने उपायसम्बन्धी प्रशिक्षण दिइएको थियो। कार्यक्रममा छवटै वटाका अध्यक्ष तथा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूलाई प्रशिक्षण दिइएको थियो। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्दन राय र स्वास्थ्य शाखा प्रमुख प्रमेन्द्र साहले प्रशिक्षण दिएका थिए।

## पर्सागढीमा बाल अधिकारबारे अभिमुखीकरण

प्रस, पोखरिया, ७ असोज/


तस्वीरः प्रतीक

युनिसेफ नेपालको सहकार्य तथा पर्सागढी नगरपालिकाको आयोजनामा बालमैत्री नगर अभियान अन्तर्गत बाल अधिकार समिति गठन तथा अभिमुखीकरण कार्यक्रम शुक्रवार पर्सागढीको वडा नं ८ मा सम्पन्न भएको छ।

नगरप्रमुख गोकर्ण पाठकको अध्यक्षतामा भएको कार्यक्रममा बाल अधिकार कार्यविधि तथा नवगठित समितिको काम, कर्तव्य तथा अधिकारबारे जानकारी गराइएको थियो।

कार्यक्रममा उपप्रमुख पूजा चौधरीको अध्यक्षतामा १७ सदस्यीय नगरस्तरीय बाल अधिकार समिति गठन गरिएको थियो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत छविरमन भट्टराई, नौवटै वडाका अध्यक्ष, शिक्षा शाखा प्रमुख प्रदीप चौरसिया, कार्यपालिका सदस्य, बाल अधिकारको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाका प्रतिनिधि, आसमान नेपालका धर्मेन्द्र चौरसियालगायतको सहभागिता थियो।

कार्यक्रमको सहजीकरण कामदेव खनालले गरेका थिए भने सञ्चालन चेतकुमारी बाँस्तोलाले गरेकी थिइन्।

## दिवाखाजाको अनुगमन

प्रमोद यादव, पंचगावाँ, ७ असोज/


तस्वीरः प्रतीक

पटेर्वासुगौली गाउँपालिकाको सामुदायिक विद्यालयहरूमा दिइने दिवाखाजाको अनुगमन शुक्रवारदेखि शुरू गरिएको छ।

शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय, पर्साका प्रमुख समन्वय विकास अधिकारी फत्तेबहादुर श्रेष्ठ र शिक्षा शाखा र प्रशासन शाखा प्रमुख शम्भुप्रसाद साहले अनुगमन शुरू गरेका हुन्। बालविकासदेखि कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूले राम्रोसँग दिवाखाजा खाए–नखाएको तथा व्यवस्थापनबारे अनुगमन गरिएको शिक्षा शाखा प्रमुख साहले बताए।

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय निचुटा, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दाप र गादीमाई आधारभूत विद्यालयहरूमा अनुगमन गरिएको शिक्षा शाखा प्रमुख साहले बताएका छन्।

दिवाखाजाको कारण टिपिन खाने बहानामा घर जाने विद्यार्थीहरू जान नपाएको श्रेष्ठले बताए। उनले कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् तथा विद्यालयमा नियमित दिवाखाजा सञ्चालन भए–नभएको अनुगमन गरिएको बताए।



**पप्पुको कामः** पप्पु कन्स्ट्रक्शनले निर्माण गरेको हुलाकी राजमार्गको पुल एक वर्ष नबित्दै बिग्रिएको छ। वीरगंज–ठोरी हुलाकी सडकखण्ड अन्तर्गत वीरगंजदेखि जीराभवानी गाउँपालिकाको चमरीसम्मको सडक–पुलको काम पप्पु कन्स्ट्रक्शनले गरेको हो। यही क्षेत्रमा पर्ने जगरनाथपुर गापाको भलुही खोलामा निर्मित पुल एक वर्षको अवधिमा छड देखिने गरी भत्किएको छ। तस्वीरः नितेश कर्ण

# पटेर्वासुगौलीलाई शिक्षामा नमूना बनाउने– अध्यक्ष चौधरी

प्रस, पंचगावाँ, ७ असोज/

पटेर्वासुगौली गाउँपालिका–४



गुदरबाबा मन्दिर प्राङ्गणमा शुभकामना कार्यक्रम सम्पन्न भएको छ।

नेपाल शिक्षक सङ्घ पटेर्वासुगौली गापा समितिले बडादशैं र शुभ दीपावलीको अवसरमा आयोजना गरेको शुभकामना कार्यक्रममा गापा अध्यक्ष दिनेशकुमार चौधरीले विद्यालय र शिक्षकमा विभेद नहुने प्रतिबद्धता जाहेर गरे। उनले आफ्नो गापालाई शिक्षामा नमूना गापा बनाउने अभियान रहेको र आफूबाट कुनै पनि किसिमको विभेदपूर्ण कार्य नहुने बताए।

उपाध्यक्ष ममता महतोले शिक्षामा गापाले लगानी गरे अनुसारको प्रतिफल दिन शिक्षकहरूलाई आग्रह गरिन्।

कार्यक्रममा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रङ्गपुरका निजी स्रोत शिक्षक सन्दीप पाण्डेले गापाले निजी स्रोत शिक्षकको पारिश्रमिक, तलब, भत्ता, दशैंभत्ता र पोशाकबापतको रकम नदिएको गुनासो गरे। उनले साउनदेखि अहिलेसम्मको तलबभत्ता नपाएको जानकारी गराए। पालिकामा २९ जना निजी स्रोतका शिक्षक रहेको र उनीहरूप्रति स्थानीय सरकारले चासो नराखेको शिक्षक पाण्डेले गुनासो गरे।

कार्यक्रममा वडाध्यक्ष वासु पञ्जियार, शिक्षा शाखा प्रमुख शम्भुप्रसाद साह, नेपाल शिक्षक महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादव, नेपाल शिक्षक सङ्घ, पर्साका अध्यक्ष प्रदीप जैसवाल, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दापका अवकाशप्राप्त प्रअ मोहन दास, राहत शिक्षक पर्साका अध्यक्ष श्याम घिमिरेलगायतको सहभागिता थियो।

कार्यक्रम शिक्षक सङ्घ पटेर्वासुगौली गापा अध्यक्ष हरिराजप्रसाद यादवको अध्यक्षतामा भएको थियो।

# खेलकूदको संसार

## चेसमा तीनजना महिला, तीनजना पुरुष छनोट

प्रस, वीरगंज, ७ असोज/

राष्ट्रिय खेलकूद प्रतियोगिता–२०७९ को लागि पर्सा जिल्लाबाट चेस खेलमा महिला र पुरुष तीन/तीनजना छनोट भएको मुख्य प्रशिक्षक रामकिशोर सिंह (पराग)ले बताए।




तस्वीरः सौजन्य

असोज ३ गतेदेखि वीरगंजमा सञ्चालित चेस प्रतियोगितामा पुरुषतर्फ प्रदेशका २० जना र महिलातर्फ पाँचजना सहभागी भएका थिए। सहभागीमध्ये सप्तरीका मनोजकुमार विश्वकर्मा र महेशकुमार चौधरी क्रमशः प्रथम, द्वितीय भए भने सिराहाका उमेश साह सोनार तृतीय भए।

यसैगरी, महिलातर्फ सिराहाकी सञ्जीता महतो, सर्लाहीकी कृपा कार्की र सिराहाकै रिभु सिंह क्रमशः प्रथम, द्वितीय र तृतीय भए।

शुक्रवार सम्पन्न प्रतियोगिताको फाइनलमा महिला, पुरुषको छनोट भएको र उनीहरू गण्डकी प्रदेशमा हुने राष्ट्रिय खेलकूद प्रतियोगिता–२०७९ मा सहभागी हुने मुख्य प्रशिक्षक परागले बताए। चेस प्रतियोगिताको निर्णायकमा मुख्य प्रशिक्षक सिंहसहित मिसन सापकोटा, केदार कार्की, विजयी अधिकारी र सुबोध पौडेल थिए। प्रतियोगिताको फाइनल आज सम्पन्न भएको हो।

# घोडासहनबाट सटर तोडुवा गिरोहका दुईजना पक्राउ

प्रस, सिम्रौनगढ, ७ असोज/

बाराको सिम्रौनगढनजीक सीमावर्ती भारतको पूर्वी चम्पारणको घोडासहन शहरको श्रीपुर चोकबाट नेपालका व्यवसायीलाई लुट्ने योजना बनाइरहेका कुख्यात सटर तोडुवा गिरोहका दुईजना सदस्यलाई घोडासहन प्रहरीले हिजो बिहीवार पक्राउ गरेको छ।

पक्राउ पर्नेमा घोडासहन श्रीपुर निवासी अभिनन्दन कुमार र इरफान मियाँ रहेका छन्।

उनीहरूको साथबाट एउटा पिस्टल र पाँचवटा गोली बरामद भएको प्रहरीले जनाएको छ। उनीहरूले नेपालका कुनै व्यवसायीलाई लुट्ने योजना बनाइरहेका बेला गोप्य सूचनाको आधारमा पक्राउ गरिएको घोडासहन प्रहरीले बताएको छ।

नेपालका कुन व्यवसायीलाई लुट्ने योजना बनाइरहेको भन्नेबारेमा प्रहरीले केही बताएको छैन।

### कर्तव्य निर्वाह गर्न एकजुट....

कार्य गर्न उनले आग्रह गरे।

अधिवेशनमा नेपाल कारखाना श्रमिक सङ्घका राष्ट्रिय अध्यक्ष अमृतलाल जोशी, नेपाल टेलिकमका निर्देशक आनन्दप्रकाश मल्लिक, प्रबन्धक शालिकराम पराजुली, निमित्त प्रबन्धक उमेशकुमार साह, नेपाल ट्रेड युनियनका लक्ष्मणप्रसाद कुर्मी, मौजेलाल साह, छोटेलाल प्रसाद, प्रदीपराज पाण्डे, नागेन्द्रप्रसाद यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन वीरेन्द्र न्यौपानेले गरेका थिए।

मधेस प्रदेशका आठ जिल्लामा १७१ जना सदस्य रहेको युनियनको बन्दसत्र आज राति हुने नागेन्द्र यादवले जानकारी दिए।

### पिङ्कीको हत्या.........

असोज २ गते भएको हो।

जैसवार परिवारको कुटपिटबाट घाइते पिङ्कीको उपचार वीरगंजमा गराइएको थियो र यहाँ सम्भव नभएपछि काठमाडौं लगिएको थियो।

२०६७ मङ्सिर १४ गते पिङ्कीको विवाह भएको र उनीहरूबाट १० वर्षीया छोरी र ७ वर्षीय छोरा गरी दुई सन्तान छन्।

पत्रकार सम्मेलनमा पिङ्कीका भाइ मनीष कुर्मीले जाहेरी दर्ता गराएपछि जैसवारलाई पक्राउ गरिएको र अन्य अझै फरार रहेको बताए। उनले दिदीको हत्या नियोजित तरीकाबाट भएको बताए। केही महीनाअगाडि दिदीको नाममा रु ५० लाखको जीवनबीमा गरिएको र सोही रकमको लागि हत्या गरिएको उनले आरोप लगाए।

# टयाक्टरले कुल्चिएर बालकको मृत्यु

प्रस, वीरगंज, ७ असोज/

टयाक्टरबाट खसेर पछाडिको चक्काले कुल्चिएर शुक्रवार बिहान एकजना बालकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

आज बिहान ९:३० बजे वीरगंज महानगरपालिका–२१ ताजपुर सडकमा ना.३त १४३६ नम्बरको टयाक्टरबाट खसेपछि पछाडिको चक्काले कुल्चिएर स्थानीय सञ्जय पासवानका पाँच वर्षीय छोरा सुशील पासवान गम्भीर घाइते भएका थिए। उनलाई उपचारको लागि नारायणी अस्पताल लैजाने क्रममा बाटोमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

घटनापछि टयाक्टर छाडेर चालक वीरगंज महानगरपालिका–२१ निवासी २८ वर्षीय सुनील यादव फरार भएको र उनको खोजी भइरहेको पर्सा प्रहरीले जनाएको छ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | बिर्ता युवा क्लब | रक्तदान | बिर्ता मन्दिरअगाडि | ७:०० |
| २) | दुर्गापूजा सेवा समिति रानीघाट | रक्तदान | रानीघाटचोक | ८:०० |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



कोभिड-१९ को जोखिम पुनः देखा परेको छ।

यसबाट बच्न र बचाउन

- सही तरीकाले मास्क लगाऔं।
- भेटघाट र जमघटमा कम्तीमा दुई मिटरको दूरी कायम राखौं।
- साबुन–पानीले नियमित हातधुने वा सेनिटाइजर प्रयोग गरौं।
- खोक्दा वा हाच्छियूँ गर्दा नाक–मुख छोप्ने गरौं।
- घर तथा कार्यालयको नियमित सेनिटाइज गरौं।
- अनावश्यक भीडभाड नगरौं।
- हावा ओहरदोहर नहुने स्थान र भीडभाडमा नजाऔं।
- कोभिड–१९ विरुद्धको खोप तथा बुस्टर डोज लगाऔं।
- कोभिडको लक्षण देखिएमा समयमा नै परीक्षण गरौं।

सतर्क र सचेत बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



National Healthcare

!!OPPORTUNITY!!

**National Healthcare Pvt. Ltd.,** one of the leading Pharmaceutical Companies in Nepal, invites applications from qualified candidates for the following positions:-

**Senior Office Manager:**
- MBA/MBS (Completed)
- Experience will be an added advantage
- Manage the office works

Job Location : Shreepur, Birgunj,Nepal
No. of Vacancy : 1

**Purchase Executive :**
- BBA/BBS (Completed or Pursuing)
- Activities related to Purchase

Job Location : Shreepur, Birgunj,Nepal
No. of Vacancy : 1

**Engineer :**
- Diploma Engineer/B.E./M.E.
- Activities related to Engineering

Job Location : Chhatapipra, Bara, Nepal
No. of Vacancy : Few nos.

Interested & eligible candidates are requested to forward their updated resume & cover letter to **hrdnhc@gmail.com** by 25th Sept, 2022.

*No telephonic calls shall be entertained; Only Short listed candidates will be called for an interview.*